नगर प्रमुख श्री गोपाल हमालबाट **२०८२ असार ७** गते **शनिबार**का दिन
नगर सभाको **तेह्रौं** अधिवेशनमा प्रस्तुत

धनगढी उपमहानगरपालिकाको आर्थिक वर्ष २०८२।०८३ को

# वार्षिक नीति तथा कार्यक्रम

धनगढी उपमहानगरपालिका
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**नगर सभाका उपाध्यक्ष महोदय,**

**नगर सभाका सदस्यहरु**

१. नगर सभाको **तेह्रौं** अधिवेशन समक्ष आगामी आर्थिक वर्ष **२०८२।८३** को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ ।

२. सर्वप्रथम, मुलुकको नागरिक सर्वोच्चता, शासन प्रणाली, सामाजिक रुपान्तरण र अग्रगमनका लागि भएका ऐतिहासिक जनआन्दोलन तथा संघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरुप्रति श्रद्धा सुमन अर्पण गर्दछु । साथै, मुलुकको सार्वभौमिकता, स्वाधीनता र स्वाभिमानको रक्षा गर्दै राष्ट्र निर्माणको लागि संघर्ष गर्नु हुने जनआन्दोलनका घाइते तथा वेपत्ता नागरिक एवम् अन्य सम्पूर्ण नेपाली नागरिक र नेतृत्त्व गर्नु हुने आदरणीय अग्रज व्यक्तित्त्वहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

३. नगर सभाको यस अधिवेशनसम्म आईपुग्दा हामीले **तीन** वर्षको कार्यकाल पुरा गरेका छौँ। यस अवधिमा उपमहानगरबासीले सुम्पिएको जिम्मेवारीलाई पूरा गर्न उपमहानगरबासीका चाहना, माग र आवश्यकताहरुको उच्च सम्मान गरी धनगढीलाई राष्ट्रकै एक सुन्दर, स्वच्छ, सफा, समृद्ध एवम् लोककल्याणकारी उपमहानगर बनाउने उच्च आदर्शले प्रेरित भई निरन्तर लागिरहेका छौं ।

४. धनगढी उपमहानगरलाई समृद्ध बनाउन **"सुख, शान्ति र समृद्धिको शहर, कल्याणकारी धनगढी उपमहानगर"** भन्ने दीर्घकालिन सोचका साथ आर्थिक, सामाजिक, साँस्कृतिक, राजनीतिक र पर्यावरणीय विकासको लागि **"हाम्रो धनगढी, हामी बनाउँछौँ"** भन्ने अभियानलाई निरन्तरता दिदै अघि बढ्न प्रतिबद्ध रहेका छौँ।

**नगर सभाका सदस्यहरु,**

५. अब म यहाँहरु समक्ष चालु आर्थिक वर्षको जेठमसान्त सहित हाम्रो **तीन** वर्षे कार्यकालमा भए गरेका केही महत्त्वपूर्ण कार्यहरु संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

६. सार्वजनिक जग्गामा रहेका प्राकृतिकताललाई पुनर्भरणको लागि प्रयोग हुने गरी पुरानै अवस्थामा फर्काउने कार्यलाई निरन्तरता दिईएको छ । चालु आर्थिक वर्षको जेठ मसान्तसम्म थप १ गरी हालसम्म १५ वटा ताललाई पुनर्भरण सहित आर्थिक एवम् पर्यटकीय क्षेत्रका रुपमा विकास गर्ने कार्य अगाडी बढाईएको छ । चालु आर्थिक वर्षको जेठमसान्तसम्ममा ७ दशमलब २ किलोमिटरसहित हालसम्म जम्मा २५ दशमलब ४ किलोमिटर सडकमा कालोपत्रे गर्ने काम सम्पन्न गरिएको छ । चालु आर्थिक वर्षको जेठमसान्तसम्ममा वडा नं. ७ को पटेला देखि वडा नं. १५ को शान्तिकटान जोड्ने झोलुङ्गे पुल र कैलाली खोला नाष्ट कलेज नजिक, वडा नं. १३ को जनता राष्ट्रिय मावि, कैलालीगाउँ नजिक, तारानगर रेडक्रस नजिक, वडा नं. १ र २ जोड्ने साथी होटल नजिक र वडा नं. १ र ८ जोड्ने नवदुर्गा मन्दिर, धनगढीगाउँ नजिक गरी ५ वटा मोटरेबल पुल गरी हालसम्म ३ वटा झोलुङ्गे पुल र ११ वटा मोटरेबल पुल निर्माण भई सञ्चालनमा ल्याईएका छन् ।

७. चालु आर्थिक वर्षको जेठमसान्त सम्ममा १९ वटै वडाका विभिन्न सडकहरुमा ४२ दशमलब ५ किलोमिटर सहित हालसम्म १९ वटै वडाका विभिन्न सडकको १४३ किलोमिटर लम्बाईमा ग्राभेल गर्ने काम सम्पन्न गरिएको छ । यसवर्ष ८ वटा पार्किङ स्थलको ६ हजार ४ सय ९० वर्गमिटर क्षेत्रफलमा भरान गरी पार्किङस्थल निर्माण गर्ने काम सम्पन्न गरिएको छ ।

८. उपमहानगरको ग्रामीण क्षेत्रलाई शहरसँग जोड्न, सहुलियत शुल्कमा यातायात सेवा उपलब्ध गराउन, यातायात सेवाको उपयोगका लागि समयको सुनिश्चितता गर्न २०८१ साल असोजदेखि फुलबारी-धनगढी-अत्तरिया रुटमा एक/एक घण्टाको समयको अन्तरालमा दैनिक विहान ६ बजेदेखि साँझ ७ बजेसम्म ६ वटा नगरबसहरुमार्फत यातायात सेवा सञ्चालन गरिएको छ । यसबाट ग्रामीण क्षेत्रको उत्पादन शहरमा ल्याई बेचविखन गर्न, बजारबाट दैनिक उपभोग्य सामग्रीहरु ग्रामीण भेगमा लैजान र अन्य अत्यावश्यक कामकाजका लागि समय मै गन्तव्यमा पुग्न सहज भएको छ ।

९. शहरका मुख्यक्षेत्रमा ७ वटा सुविधासम्पन्न सार्वजनिक शौचालय निर्माणको कार्य सञ्चालन गरिएकोमा हालसम्म २ वटा शौचालयको निर्माण कार्य सम्पन्न भईसकेको छ । शहरका मुख्यक्षेत्रमा सर्वसाधारण वटुवाहरुलाई सहुलियत दरमा शुद्ध खानेपानी उपलब्ध गराउन २ वटा ठाउँमा वाटर एटिएम (Water ATM) जडान गर्ने कार्य सम्पन्न गरिएको छ ।

१०. सामुदायिक विद्यालयको शैक्षिक सुधारका लागि ५ वटा विद्यालयको समायोजन, ७ वटा विद्यालयको तह मिलान, आधारभूत तह बालविकास सहित ६९ र माध्यमिक तहका ६ गरी ७५ जना शिक्षकको दरबन्दी मिलान, ८ वटा सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर सुधार कार्यक्रम, ८ वटा विद्यालयमा ५३ वटा स्मार्टबोर्ड जडान, २ विद्यालयमा ग्रासरुट क्रिकेट विकास कार्यक्रम, ३ विद्यालय र १ सार्वजनिक स्थानमा ग्रासरुट फुटबल विकास कार्यक्रमहरु सञ्चालन गरिएका छन् । चालु आर्थिक वर्षको जेठमसान्तसम्ममा खेलकुदको विकासका लागि १९ वटा खेलमैदानहरुको स्तरोन्ती गरिएको छ ।

११. गत र यस आर्थिक वर्षमा विभिन्न २० वटा दाताहरुको आर्थिक सहयोगमा सामुदायिक विद्यालय शैक्षिक गुणस्तर सुधार कार्यक्रम अन्तर्गत ५ वटा विद्यालयका १ हजार १ सय ३८ जना छात्राहरुलाई नि:शुल्क पोशाक वितरण गरिएको छ । चालु आर्थिक वर्षको जेठमसान्तसम्ममा सामुदायिक विद्यालयमा कार्यरत १ हजार २ सय ५१ जना शिक्षकका लागि १२ वटा विभिन्न विधामा क्षमता विकास तालिम सञ्चालन गरिएको छ । संस्थागत विद्यालयले नि:शुल्क अध्ययनका लागि अनिवार्य उपलब्ध गराउनु पर्ने छात्रवृति कोटा अन्तर्गत विज्ञानमा १ सय ६०, व्यवस्थापनमा १ सय ५, शिक्षामा ५, कानूनमा ७ गरी २ सय ७७ जनालाई संस्थागत विद्यालयको कक्षा ११ र १२ मा नि:शुल्क अध्ययनको व्यवस्था मिलाईएको छ ।

१२. विद्यालय, शिक्षक, कर्मचारी र विद्यार्थीको मनोबल उच्च बनाई उत्प्रेरणा बढाउन हरेक वर्ष बालविकास देखि माध्यमिक तहसम्मका ७ जना शिक्षकलाई जनही ५० हजार, १ जना कर्मचारीलाई १ लाख, कक्षा ८ को वार्षिक परीक्षामा सर्वोत्कृष्ठ नतिजा हासिल गरेका २ छात्रा र २ छात्र गरी ४ विद्यार्थीलाई जनही २५ हजार, २ विद्यालयलाई प्रति विद्यालय ५० हजार र विद्यालय तथा वरपरको वातावरण सरसफाईमा

उत्कृष्ठ भूमिकाको लागि २ विद्यालयलाई प्रति विद्यालय ५ लाख नगद पुरस्कार सहित सम्मान गरिएको छ।

१३. चालु आर्थिक वर्षको जेठमसान्तसम्म ६ वटा सामुदायिक विद्यालयमा ६ वटा भवनहरु निर्माण भइरहेका छन्। विगत २ वर्षको अवधिमा २३ वटा सामुदायिक विद्यालयमा १ सय ८ कक्षाकोठा सहित २३ वटा भवनहरुको निर्माण कार्य सम्पन्न गरिएको छ। चालु आर्थिक वर्षको जेठमसान्तसम्म ३ वटा विद्यालयमा थप शौचालय निर्माण गरिएको छ। विद्यार्थी संख्या बढी र शिक्षकसंख्या कम भएका १२ विद्यालयमा आधारभूत तहमा ९ जना र माध्यमिक तहमा १२ गरी जम्मा २१ जना शिक्षकहरुको व्यवस्थापन नगर कार्यपालिकाबाट गरिएको छ। सामुदायिक विद्यालयका शिक्षकहरुको ई-हाजिरी व्यवस्थापन गरी मासिक रुपमा नगर कार्यपालिकाबाट सोझैं शिक्षकहरुको व्यक्तिगत बैंक खातामा तलब तथा पारिश्रमिक भुक्तानी गर्ने व्यवस्था मिलाईएको छ।

१४. आर्थिक वर्ष २०७९।८० साउन देखि सुरु भएको **"विशेषज्ञ वडा स्वास्थ्य क्लिनिक"** बाट चालु आर्थिक वर्षको जेठमसान्तसम्म ४१ हजार ६ सय २२ गरी हालसम्म कुल १ लाख ३३ हजार ८ सय ७५ सेवाग्राहीले सेवा प्राप्त गरेका छन् भने यस अन्तर्गत सञ्चालित ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमबाट हालसम्म ६ हजार ७ सय २० जना गर्भवती महिलाहरुको अल्ट्रासाउण्ड गरिएकोमा ८२ जनामा जटिलता पहिचान पश्चात रेफर गरिएको छ।

१५. **"आमा बचाउ कार्यक्रम"** मार्फत चालु आर्थिक वर्षको जेठमसान्तसम्म ४ सय ५४ गरी हालसम्म १ हजार ३४ जनाले नि:शुल्क एम्बुलेन्स सेवा प्राप्त गरेका छन्। ४ हजार ५ सय ६८ जना सुत्केरी आमालाई सुत्केरी भएको २४ घण्टा, ३ दिन र ७ दिनमा घरमै स्वास्थ्य कर्मी गएर जाँच गरिएको छ।

१६. आर्थिक वर्ष २०८०।८१ को भद्रौबाट सुरु गरिएको लागू पदार्थ दुर्व्यसन सम्बन्धी जनचेतनामूलक कार्यक्रमबाट हालसम्म कक्षा ७ देखि कक्षा १० सम्म अध्ययनरत १६ सामुदायिक विद्यालयका २ हजार १ सय २० छात्रा र १ हजार ५ सय ५२ छात्रा गरी ३ हजार ६ सय ७२ तथा ५९ संस्थागत विद्यालयका १ हजार २ सय ४६ छात्रा र २ हजार ७ सय १६ छात्र गरी ३ हजार ९ सय ६२ जना तथा ३९ टोल विकाससंस्थाका ६ सय ७८ गरी जम्मा ४ हजार ६ सय ४० जनालाई सामाजिक परिचालकहरुको समन्वयमा २ जना जनचेतना सञ्चालक परिचालन गरी लागूपदार्थ तथा दुर्व्यसन विरुद्धको जनचेतना कार्यक्रम सञ्चालन गरिएको छ।

१७. उपमहानगरपालिका र प्यासिफिक आईभिएफ सेन्टर ललितपुरसँगको सहकार्यमा सञ्चालन गरिएको बाँझोपनसम्बन्धी नि:शुल्क स्वास्थ्य शिविरबाट १ सय ८० जनाले सेवा प्राप्त गरेका छन्। उपमहानगरद्वारा सञ्चालित प्रजनन रुग्णता कार्यक्रममार्फत २ हजार १ सय जना महिलाको पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ र १ हजार ५ सय ५२ जना महिलाको स्तनको क्यान्सरको जाँच गरिएकोमा १८ जना पाठेघरको मुखको क्यान्सर तथा ९ जना स्तनको क्यान्सर गरी २७ जना शंकास्पद महिलालाई रेफर गरिएको छ।

१८. चालु आर्थिक वर्षमा नेपाल रेडक्रस सोसाइटी, कैलाली शाखासँग समन्वय गरी उपमहानगरबासीहरुलाई उपचारकोक्रममा आवश्यक पर्ने रगत र रगतजन्य पदार्थ नि:शुल्क उपलब्ध गराउने व्यवस्था मिलाईएकोमा जेठमसान्तसम्ममा ३ सय ८१ जना विरामीलाई १ हजार २ सय ८५ पिन्ट रगत र रगतजन्य पदार्थ उपलब्ध गराईएको छ । सो रगत तथा रगतजन्य पदार्थका लागि उपमहानगरबाट नेपाल रेडक्रस सोसाइटी, कैलाली शाखालाई १४ लाख ७७ हजार ७ सय ५० रुपैंयाँ भुक्तानी गरिएको छ ।

१९. एकीकृत फोहोरमैला व्यवस्थापन केन्द्र रहेको वडा नं. ७ पटेलाका १ सय १५ घरधुरीका ५५३ व्यक्तिहरुको नि:शुल्क स्वास्थ बीमा गरिएको छ । उपमहानगरका विभिन्न ५८ स्थानबाट खानेपानीको नमुना सङ्कलन गरी गुणस्तर परीक्षण गरेर परीक्षण प्रतिवेदन अनुसार सम्बन्धित पक्षलाई पृष्ठपोषण सहित जानकारी गराईएको छ ।

२०. **अपाङ्गता भएका व्यक्तिहरुलाई खोजी खोजी नि:शुल्क अपाङ्गता सहायता सामग्री वितरण** गर्न चालु आर्थिक वर्षमा अपाङ्गता भएका व्यक्तिहरुका लागि २० थान ह्वील चियर, ४ वटा ट्राईसाइकल, ७ जोडा बैशाखी, ९ वटा हेरिङ एड, २५ थान वाकिङ स्टीक, १ थान कमोर्ड ह्वील चियर, ५ थान कमोर्ड चियर लगायत ८२ थान सहायता सामग्रीको व्यवस्था गरिएको छ । हालसम्म ९३ थान ह्वील चेयर, ३९ थान ट्राईसाइकल, ३१ जोडा बैशाखी, २८ थान एल्बो क्रचेज, ४७ थान हेरिङ एड, ६९ थान वाकिङ स्टीक, ४ थान कमोर्ड, २ थान कृत्रिम खुट्टा नि:शुल्क उपलब्ध गराईएको छ ।

२१. **"हाम्रो धनगढी, सफा धनगढी"** अभियान अन्तर्गत फोहरमैला व्यवस्थापनको कार्यलाई थप प्रभावकारी बनाउन सार्वजनिक निजी साँझेदारी अवधारणा अनुरुप धनगढी उपमहानगरपालिकाको वडा नम्बर १ देखि ८ र वडा नम्बर १३ को ३० हजार ६ सय ४९ घरधुरी, ब्यापारिक क्षेत्र र संस्थागत फोहर सङ्कलन गर्ने कार्य निजीक्षेत्रबाट सञ्चालन गर्ने व्यवस्था मिलाईएको छ । उपमहानगरक्षेत्रमा उत्पादन भएको फोहरमध्ये ८० प्रतिशत (४३ टन) फोहर निजीक्षेत्र मार्फत संकलन भएको छ । उक्त फोहरमध्ये ७० प्रतिशत फोहरलाई पुन: प्रयोग तथा पुन: प्रशोधन कार्यको लागि रिकभर (Recover) गरिएको छ भने बाँकी ३० प्रतिशत फोहरलाई विसर्जन गर्ने गरिएको छ । फोहरमैला व्यवस्थापनमा जनसहभागिता बढाउनका लागि समुदायस्तर र शैक्षिक संस्थास्तरमा सञ्चालित कार्यक्रमलाई निरन्तरता दिइएको छ, जसबाट हालसम्म समुदायस्तरका १ लाख ९८ हजार ८ सय २ र शैक्षिकसंस्थास्तरका १ लाख ३ सय ५१ जनाबाट सरसफाईसम्बन्धी कार्य गरी **"हाम्रो धनगढी, सफा धनगढी"** अभियान मार्फत उपमहानगरलाई सफा र स्वच्छ बनाउन सहयोग पुर्‍याईएको छ।

२२. आर्थिक वर्ष २०७९।८० बाट सुरु गरिएको **"हरियाली प्रवर्धन कार्यक्रम"** अन्तर्गत व्यक्ति तथा संघसंस्थाहरुको सहयोग समेतबाट उपमहानगरक्षेत्रका सडक मिडियम तथा सडक किनारामा चालु आर्थिक वर्षको जेठमसान्तसम्ममा ६ हजार ५ सय ९८ गरी हालसम्म १६ हजार ५६ विरुवा रोपेर हुर्काई हरियाली प्रवर्धन गर्ने कार्य गरिएको छ । ५३ वटा सामुदायिक विद्यालयमा १ हजार ८ सय अम्बा र २ हजार ७ सय आँप गरी ४ हजार ५ सय फलफुलका बोटहरु रोपेर हुर्काउने काम गरिएको छ ।

२३. चालु आर्थिक वर्षमा उपमहानगरका सबै वडाको प्रतिनिधित्व हुने गरी १ सय ९३ ज्येष्ठ नागरिक तथा भगतजीहरुलाई धार्मिक भ्रमण अन्तर्गत मुक्तिनाथ दर्शन गराईएको छ । यस कार्यक्रम मार्फत हालसम्म ५

सय २५ जना ज्येष्ठ नागरिक तथा भगतजीहरुलाई मुक्तिनाथ, कागवेनी, देवघाट, पोखरा लगायतका धार्मिक क्षेत्रको भ्रमण गराईएको छ।

२४. उपमहानगरबाट सञ्चालन हुने विकास कार्यहरुलाई व्यवस्थित गर्न, विपद् व्यवस्थापन एवम् अन्य लोक कल्याणकारी कार्यहरुमा परिचालन गर्न ३० जना नगर प्रहरीलाई खोज तथा उद्दार तालिम, ११ जना नगर प्रहरीलाई विपद् पूर्व तयारी तथा प्रतिकार्य तालिम दिईएको छ। नगर प्रहरी परिचालनबाट हालसम्म ६४ जना सडक आश्रित व्यक्तिहरुको उद्दार, १ हजार ८ सय २१ विभिन्न जातका सर्पको उद्दार गरी सुरक्षित स्थानमा पुनर्स्थापना, ३३ बहुलाह कुकुरको व्यवस्थापन, ३ सय ७३ मृतकको शव चिस्यान व्यवस्थापन, ४ सय ६९ मृतकका लागि शब बहान व्यवस्थापन, ७ सय ४१ छाडा चौपायाको व्यवस्थापन गरिएको छ। आर्थिक वर्ष २०८०।८१ मा ३ सय ४२ र आर्थिक वर्ष २०८१।८२ को जेठमसान्तसम्म ३ सय ७१ गरी हालसम्म ७ सय १३ जना मृतकलाई उपमहानगरको झण्डा ओढाई नगर प्रहरीबाट सलामी अर्पण गरी मृतकका परिवारहरुलाई प्रति परिवार ५ हजार रुपैयाँका दरले कुल ३५ लाख ६५ हजार दाहासंस्कार खर्च उपलब्ध गराईएको छ भने ६८ मृतकलाई उपमहानगरको झण्डा ओढाई नगर प्रहरीद्वारा सलामी अर्पण गर्ने कार्य गरिएको छ।

२५. आगलागीबाट उत्पन्न विपद्को तत्काल नियन्त्रण तथा उद्दार कार्यका लागि २ वटा व्याकप्याक खरिद गरिएको छ। उपमहानगरबाट यस आर्थिक वर्षको जेठमसान्तसम्ममा विपद्जन्य घटनामा परेका २० वटा परिवारलाई आर्थिक सहयोग उपलब्ध गराईएको छ। उपमहानगरका विभिन्न १ सय ७ वटा स्थानमा लागेको आगो तत्काल नियन्त्रण लिएर निभाउने कार्य गरिएको छ। अग्नी सम्बन्धी घटनाको उद्दारका लागि पोर्टेबल फायर पम्प र बाढीपीडितको उद्दार कार्यका लागि मोटरबोट (स्टिमर) को व्यवस्था थप गरिएको छ। यस आर्थिक वर्षको साउन भद्रौ महिनामा बाढीमा फसेका ४७ जनाको सकुशल उद्दार गरी सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ। पेट्रोल भण्डारण स्थल, ग्याँस तथा लाइटर उत्पादन क्षेत्र, मोबिलजन्य पदार्थ भण्डारण स्थल लगायतका प्रज्वलनशील पदार्थ भण्डार हुने क्षेत्रमा आगलागीका सम्भावित घटना नियन्त्रणका लागि एउटा फोम प्रविधियुक्त दमकल समेतको व्यवस्था गरिएको छ।

२६. उपमहानगरको वडा नं. ७ को एउटा र वडा नं. १७ का २ वटा गरी ३ वटा क्षेत्रको ९५ विगाहा क्षेत्रफलमा विषादीरहित अर्गानिक तरकारी खेती गर्न पकेट क्षेत्र विकास गरी १ सय १२ जना किसानहरुलाई तालिम, बीउ तथा कृषि औजार उपलब्ध गराईएको छ। यस कार्यक्रमबाट ४ टन प्याज, २ सय १ टन आलु, ७ सय टन तरकारी उत्पादन भएको छ। सामुदायिक कुकुरहरुको बन्ध्याकरण गरी व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिदै चालु आर्थिक वर्षमा २ सय ८६ गरी कुल ७ सय ४२ वटा सामुदायिक कुकुरहरुको बन्ध्याकरण गरिएको छ ।

२७. चालु आर्थिक वर्षमा संघ तथा प्रदेश सरकारका निकाय, गैरसरकारी एवम् निजीक्षेत्रसँगको सहकार्यमा सीप तथा रोजगार मेला सञ्चालन गरी ८ विधाका २९ वटा विषय क्षेत्रमा धनगढी उपमहानगर, सुदुरपश्चिम प्रदेश र अन्य प्रदेशका स्थानीय तहबाट समेत गरी १ हजार ४० व्यक्तिहरुलाई सीपमूलक तालिम दिइएको छ। **शनिबारीय महिला उद्यम बजार**मा ७४ जना महिलाहरु आवद्ध भई स्थानीय खानाका परिकार र वस्तुको उत्पादन तथा बेचविखन गरी आयआर्जन गरेका छन् । धनगढी

उपमहानगरपालिका र नेपाल युथ फाउण्डेसनको सहकार्यमा फुलबारी स्थित भोकेसनल स्कूलबाट चालु आर्थिक वर्षमा २ विषयमा ४० जना गरी हालसम्म ३ सय ३७ जनाले तालिम प्राप्त गरेका छन् । प्रधानमन्त्री स्वरोजगार कार्यक्रमबाट यस वर्ष ८० जना गरी हालसम्म ४ सय ४४ जनाले एक सय दिन बराबरको रोजगारीको अवसर प्राप्त गरेका छन् ।

२८. चालु आर्थिक वर्षको जेठमसान्तसम्ममा उपमहानगरबाट प्रदान गरिने सेवाहरुको लागि ११ वटा टिप्पर, एउटा फोम सुविधा सहित ३ वटा दमकल, ७ वटा ब्याक हो लोडर, ८ वटा ट्रयाक्टर, ६ वटा पानी ट्याङ्की, एउटा कम्प्याक्टर, एउटा ट्रक, ५ वटा एम्बुलेन्स, ६ वटा शब चिस्यान, सडक सफा गर्न १ रोड वासर र १ ब्रुमरको व्यवस्थापन गरी सञ्चालनमा ल्याईएको छ ।

२९. **"उज्यालो धनगढी कार्यक्रम"** अन्तर्गत हालसम्म विभिन्न सडकका ३ सय ७४ पोलमा ६ सय ७६ वटा स्ट्रीट लाईट, पार्कमोड, भन्सार गेट तथा स्वागत गेट गरी तीन ठाउँमा ७० वटा फ्लड लाईट, मुख्य चोक तथा धार्मिक क्षेत्रका १५ स्थानका १५ पोलमा १ सय २० फ्लड लाईड सहितको हाइमाष्ट लाईट, शहरको मुख्य भागका ८ सय २२ पोल तथा १ सय ९२ ट्रिगार्डमा रोप लाईट जडान गर्ने कार्य सम्पन्न गरिएको छ । ग्रामीण क्षेत्रमा नेपाल विद्युत प्राविधिकरणको सहकार्यमा विद्युतीकरण गर्ने कार्यलाई निरन्तरता दिईएको छ । **"एक वडा, एक आर्थिक केन्द्र"** प्रबर्धनका लागि विभिन्न सडकहरुमा सडकबत्ती जडान तथा व्यवस्थापनको कार्य पनि निरन्तर भईरहेको छ ।

३०. उपमहानगरपालिकाको आन्तरिक आम्दानी बढाउन आयका नयाँ श्रोतहरुको पहिचान एवम् दायरा विस्तार गरी राजश्व वृद्धि गर्ने कार्य गरिएको छ । चालु आर्थिक वर्षको जेठ मसान्तसम्म कुल अनुमानित आयको ८२ प्रतिशत राजश्व प्राप्त भएको छ ।

**नगर सभा सदस्यहरु,**

३१. अब म नगर सभा समक्ष आगामी आर्थिक वर्ष २०८२।८३ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका देहायमा उल्लेखित आधारहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- नेपालको संविधानको अनुसूची ८ र अनुसूची ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु, राज्यको नीति तथा निर्देशक सिद्धान्तहरु,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४,
- सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ का सान्दर्भिक दफा तथा नियमहरु,
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८,
- धनगढी उपमहानगरपालिकाबाट जारी गरिएका नीति तथा कानूनहरु,
- नेपाल सरकार तथा सुदूरपश्चिम प्रदेश सरकारले अङ्गिकार गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- नेपाल सरकारको सोह्रौं योजना र सुदूरपश्चिम प्रदेश सरकारको प्रथम पञ्चवर्षिय योजनाले निर्धारण गरेका लक्ष्य, नीति तथा प्राथमिकताहरु,

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- नेपाल सरकार र सुदूरपश्चिम प्रदेश सरकारबाट प्राप्त बजेट र सोको साथमा प्राप्त बजेट तर्जुमा गर्दा लिनु पर्ने आधारहरु,
- राजनैतिक दलहरुबाट प्राप्त सुझावहरु,
- सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत प्राप्त सुझावहरु,
- राजश्व परामर्श समितिको प्रतिवेदन एवम् सिफारिस,
- विगतका वर्षहरुमा सम्पन्न भएका नगर सभा बैठकहरुबाट भएका निर्णयहरु,
- नगर कार्यपालिकाले योजना तर्जुमाका लागि निर्णय गरी तोकेका आधारहरु,
- विभिन्न विषयगत विज्ञहरुसँग छलफल गर्दा प्राप्त सुझावहरु,
- विभिन्न विषयगत शाखाहरुबाट प्राप्त राय-सल्लाह तथा सुझावहरु,
- नेपाल सरकारले प्रतिबद्धता जनाएका दिगो विकासका लक्ष्यहरु,
- उपमहानगरपालिकाको दिगो विकास लक्ष्य स्थानीयकरण प्रतिवेदन,
- उपमहानगरपालिकाको मध्यकालिन खर्च संरचना (MTEF) प्रतिवेदन,
- उपमहानगरपालिकाले स्वीकृत गरेका, विभिन्न नीति, ऐन, नियमावली र कार्यविधिहरु,
- नगरबासीका राय, सल्लाह तथा सुझावहरु।

**नगर सभा सदस्यहरु,**

३२. आगामी आर्थिक वर्ष २०८२।८३ को वार्षिक नीति तथा कार्यक्रमको प्राथमिकताका क्षेत्रहरु निम्न अनुसार रहेका छन्।

- स्वास्थ्यमा सर्वशुलभ पहुँच पुर्‍याउन **"विशेषज्ञ वडा स्वास्थ्य क्लिनिक"** सञ्चालन,
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार,
- **"हाम्रो धनगढी, सफा धनगढी"** अभियान मार्फत उपमहानगरको दिगो सरसफाई,
- पर्यावरणीय सुदृढीकरणका लागि हरियाली प्रवर्धन,
- **"उज्यालो धनगढी"** अभियान,
- सीप तथा रोजगार मेला, महिला उद्यम बजार तथा रात्रीकालीन बजार सञ्चालन,
- लोक कल्याणकारी उपमहानर मार्फत सामाजिक विकास एवम् गरिवी न्यूनिकरण,
- कृषि तथा पशुपंक्षी उत्पादन, उत्पादकत्व अभिवृद्धि तथा व्यावसायीकरण,
- उद्यम विकास, सहकारीता मार्फत यूवा तथा अति विपन्नका लागि स्वरोजगार,
- खेलकुद क्षेत्रको विकास लागि ग्रासरुट लेभल कार्यक्रम,
- भष्ट्राचार बिरुद्ध शून्य सहनशीलता,

- सार्वजनिक सेवा प्रवाहको व्यवस्थापन,
- दिगो, भरपर्दो पूर्वाधार निर्माण एवम् संरक्षण,
- आर्थिक विकास तथा राजश्व परिचालन,
- सूचना प्रविधि तथा सञ्चार,
- मानव संसाधन विकास तथा संस्थागत सुशासन,
- कला, साहित्य, संस्कृति तथा पर्यटन प्रवर्धन,
- वन तथा वातावरण संरक्षण एवम् सामुदायिक वनको दिगो उपयोग,
- प्राकृतिक विपद् व्यवस्थापन,
- अशक्त, लागू औषध दुर्व्यसनी, असहाय एवम् आर्थिक रुपले विपन्न गर्भवती महिला, जेष्ठ नागरिक, द्वन्दपीडपत, एवम् अपाङ्गता भएका व्यक्तिहरुका लागि आवश्यक सहयोग।

**नगर सभाका सदस्यहरु,**

३३. अब म उप-महानगरपालिकाको आर्थिक वर्ष २०८२।०८३ मा सञ्चालन हुने गौरबका योजना तथा कार्यक्रम र समग्र नीति प्रस्तुत गर्न अनुमति चाहन्छु।

३४. उपमहानगरबासीको सु-स्वास्थ्यका लागि घरदैलोमा विशेषज्ञ स्वास्थ्य सेवा पुर्‍याउने हेतुले आर्थिक वर्ष २०७९।८० देखि निरन्तर सञ्चालन हुँदै आएको **"विशेषज्ञ वडा स्वास्थ्य क्लिनिक"** लाई उपमहानगरको गौरबको कार्यक्रमका रुपमा निरन्तर सञ्चालन गरिनेछ।

३५. सामुदायिक विद्यालयको शैक्षिक एवम् भौतिक स्थितिमा सुधार तथा जनशक्तिको क्षमता विकास मार्फत शैक्षिक गुणस्तर सुधारका लागि सञ्चालन भईरहेको **"सामुदायिक विद्यालय शैक्षिक गुणस्तर सुधार कार्यक्रम"** लाई उपमहानगरको गौरबको योजनाको रुपमा सञ्चालन गरिनेछ। यस अन्तर्गत ग्रासरुट लेभलमा फुटबल, क्रिकेट लगायतका खेलकुद विकास कार्यक्रम र दलित, छात्रा तथा अपाङ्गता भएका विद्यार्थीहरुका लागि विशेष शैक्षिक कार्यक्रमहरु समेत सञ्चालन गरिनेछन्।

३६. उपमहानगरक्षेत्रको दिगो सरसफाई व्यवस्थापन गरी फोहर र दुर्गन्धले लाग्ने रोगको जोखिम घटाउन, प्रदुषण नियन्त्रण गर्न, स्वच्छ तथा आकर्षक वातावरण सिर्जना गर्न, पर्यावरण संरक्षणमा मद्दत पुर्‍याउन, सरसफाई अभियान मार्फत उपमहानगरबासीलाई सरसफाई सम्बन्धमा जागरुक बनाई उपमहानगरलाई स्वच्छ र सफा नगरको रुपमा विकसित गर्न हाल सञ्चालित **"हाम्रो धनगढी, सफा धनगढी"** अभियान अन्तर्गतका कार्यक्रमहरुलाई नगरको गौरबका कार्यक्रमहरुको रुपमा सञ्चालन गरिनेछन्।

३७. वातावरणीय सन्तुलन मार्फत स्वस्थ्य जीवनशैलीको प्रोत्साहन, जैविक विविधताको संरक्षण, सौन्दर्य तथा पर्यटन प्रवर्द्धन गर्न तथा शहरी तापद्वीप प्रभाव घटाउनका लागि उपमहानगरक्षेत्रका सडकको सेडव्याक, खुला क्षेत्र, विद्यालय हाता, सार्वजनिक क्षेत्रमा वृक्षारोपण गरी विरुवा हुर्काउन आर्थिक वर्ष २०७९।८० देखि निरन्तर सञ्चालित **"हरियाली प्रबर्धन कार्यक्रम"** लाई उपमहानगरको गौरबको कार्यक्रमको रुपमा सञ्चालन गरिनेछ।

३८. रात्रीकालिन समयमा घट्नसक्ने सम्भावित अपराधिक गतिविधि न्यूनिकरणमा मद्दत पुर्‍याउन, सडक दुर्घटनाको सम्भावना कम गराउन, सार्वजनिक सुविधा सुधार गरी व्यावसायिक वातावरण प्रवर्द्धन गर्न, शहरी सौन्दर्य वृद्धि गर्न तथा डिजिटल स्मार्ट सिटी अवधारणामा सहयोग गर्दै उपमहानगरलाई सुरक्षित शहरको रुपमा विकसित गरी रात्रीकालीन बजार प्रवर्धन गर्न **"उज्यालो धनगढी कार्यक्रम"** लाई उपमहानगको गौरबको कार्यक्रमका रुपमा यस वर्ष समेत सञ्चालन गरिनेछ।

३९. उपमहानगरको वडा नं. १६ मा अवस्थित प्रसिद्ध धार्मिक स्थल श्री बेहाडा बाबा जोड्ने जाखोर ताल-पथरी-शिवगंगा-बेहडाबाबा मार्गको स्तरोन्नति गरिनेछ।

४०. उपमहानगरक्षेत्रका पर्यटकीय एवम् साँस्कृतिक सम्पदा तथा क्षेत्रको प्रवर्धनका लागि पूर्वाधार विकास, प्रचार प्रसार लगायतका कार्यहरु गरिनेछन्।

४१. अपाङ्गता भएका व्यक्तिहरुलाई खोजी खोजी नि:शुल्क अपाङ्गता सहायता सामग्री वितरण गर्न अपाङ्गता भएका उपमहानगरबासीहरुलाई नि:शुल्क सहायता सामग्री उपलब्ध गराउने कार्यलाई प्राथमिकतासाथ सञ्चालन गरिनेछ।

४२. स्वदेश तथा विदेशमा श्रम तथा रोजगारमा संलग्न हुन चाहने नेपाली नागरिकलाई संघ तथा प्रदेश सरकारका निकाय, गैरसरकारी निकाय, निजी क्षेत्र र रोजगारदाताहरुसँगको समन्वय, सहकार्य र साँझेदारीमा व्यावसायिक सीप विकास, रोजगार प्रवर्द्धन, उत्पादनशील रोजगारी सिर्जना गर्नका लागि **सीप तथा रोजगार मेलाको** आयोजना गरी युवा रोजगारी लक्षित कार्यक्रम सञ्चालन गर्ने कार्य गरिनेछ। स्थानीय खानाका परिकार तथा सीपको प्रवर्धन, प्रोत्साहन एवम् महिलाहरुको आर्थिक स्थिति सुधारका लागि **शनिबारीय महिला उद्यम बजार** र युवाहरुलाई स्टार्ट अप व्यवसायमा संलग्न गराई व्यावसायी बनाउन आवश्यक सीप विकासका लागि **सन्ध्याकालिन बजार** सञ्चालन गर्ने कार्य प्राथमिकतासाथ सञ्चालन गरिनेछन्।

४३. उपमहानगरको पर्यावरणीय सुदृढिकरणका लागि शहरका खाली क्षेत्रमा फल लाग्ने र फुल फुल्ने विरुवाहरु रोपण गरी हुर्काउन **"जहाँ खाली, त्यहाँ हरियाली"** कार्यक्रम सञ्चालन गरिनेछ। सामुदायिक वनसँगको सहकार्यमा सामुदायिक वनको निश्चित क्षेत्रलाई चराचुरुङ्गीहरुको वासस्थान (Bird Century) को रुपमा विकास गरिनेछ।

४४. उपमहानगरका ग्रामीण र शहरी क्षेत्रलाई एकापसमा जोडी आर्थिक गतिविधिहरु सञ्चालन गर्दै उपमहानगरबासीको आर्यआर्जनमा वृद्धि गर्न प्राथमिकताका साथ कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिईनेछ। उपमहानगरक्षेत्रका विभिन्न सडकहरुको निर्माण एवम् स्तरोन्नती गर्न आवश्यक उपकरणको खरिद तथा व्यवस्थापन गर्ने र सहुलियत दरमा सहज रुपमा यातायात सञ्चालन गर्नका लागि नगर बस सञ्चालन गरी सेवा प्रवाह गरिनेछ।

४५. उपमहानगरपालिकाबाट सम्पादित कार्यहरुलाई पारदर्शी, जवाफदेही, मितव्ययी र गुणस्तरीय बनाई भ्रष्टाचार विरुद्धको शून्य शहनशीलताको नीति अवलम्बन गरी सुशासन अभिवृद्धि गर्न तथा सबै प्रकारका सेवा सुविधाहरुको न्यायोचित वितरणको व्यवस्था मिलाउन आवश्यक नीति अवलम्बन गरिनेछ ।

४६. उपमहानगरक्षेत्रमा घट्ने विपद्जन्य घटनाबाट प्रभावित व्यक्तिहरुको उद्दार एवम् विपद्जन्य घटनाको पूर्व तयारी गर्न, मृतकको सम्मान गर्न, शब चिस्यान तथा शब बहान सेवा सञ्चालन गर्न र उपमहानगरक्षेत्रभित्र सञ्चालन हुने विकास निर्माणका कार्यहरुको कार्यान्वयनमा आवश्यक सहयोग पुर्‍याउन तत्काल खट्न सक्ने गरी **"हर घडी, नगर प्रहरी"** अभियान मार्फत उपमहानगरीय प्रहरी बललाई साधन स्रोत सहित सुसज्जित गरी प्राथमिकताका साथ परिचालन गरिनेछ।

४७. धनगढी उपमहानगरपालिका र अन्य स्थानीय तहबीच सहकार्य, साँझेदारी र समन्वय गरी शिक्षा, स्वास्थ्य, फोहोरमैला व्यवस्थापन, रोजगार, दक्ष जनशक्ति, प्रविधि, पर्यटन, सँस्कृति, पूर्वाधार विकास लगायतका क्षेत्रहरुमा सहयोग आदान प्रदान गर्नका लागि दुईपक्षीय, बहुपक्षीय कार्यक्रमहरु प्राथमिकताका साथ सञ्चालन गर्ने नीति लिईनेछ।

४८. उपमहानगरको नीति तथा कार्यक्रमको कार्यान्वयनका लागि स्थानीय आवश्यकता एवम् प्राथमिकताका आधारमा धनगढी उपमहानगरपालिका र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ-संस्था, व्यक्ति, निकाय, समुदायहरुसँग समन्वय र सहकार्य गरी साँझेदारीमा कार्यक्रमहरु सञ्चालन गर्ने तथा एक आपसमा सहयोगको आदान प्रदान गर्ने नीति लिईनेछ।

**नगर सभा सदस्यहरु,**

४९. अब म उल्लेखित नीतिहरु हासिल गर्न क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न अनुमति चाहन्छु।

## (क) आर्थिक विकास नीति:

५०. कृषि खेती र पशुपंक्षीपालन व्यवसायलाई सुदृढिकरण, सहकारीको क्षमता अभिबृद्धि, औद्योगिक एवम् पर्यटकीय वस्तु तथा सेवाको विकास एवम् बजारीकरण मार्फत उपमहानगरबासीको आयआर्जनमा बृद्धि गर्न आत्मनिर्भर, दिगो र फराकिलो आर्थिक विकास गर्ने नीति लिइनेछ।

### कृषि विकास कार्यनीति :

५१. उपमहानगरको आफ्नै प्रयोगशालामार्फत माटो परीक्षण गर्ने, कृषिक्षेत्रको तथ्याङ्क अद्यावधिक गर्ने, प्रयोगमा नरहेको नदीको बगर क्षेत्रमा तरकारी खेती गर्न प्रोत्साहित गर्ने, उपमहानरक्षेत्रका व्यवसायी कृषकहरुलाई सक्षम, आत्मनिर्भर बनाउन कृषक तालिम एवम् उत्पादन तथा बजारीकरणका लागि आवश्यक सहयोग उपलब्ध गराउने नीतिलाई निरन्तरता दिईनेछ।

५२. गड्यौला मल तथा जैविक मलको उत्पादन एवम् प्रयोग गरी विषादी रहित तरकारी खेती गर्न वडा नं. ७ को पटेला र वडा नं. १७ मा परीक्षणको रुपमा पकेटक्षेत्र विस्तार गरी प्रोत्साहित गरिनेछ। खेतीयोग्य जमीनमा सिंचाई सुविधा विस्तारका लागि स्यालो ट्युवेल तथा सौर्य सिंचाई जडान गर्ने, आधुनिक प्रविधिबाट खेती गर्न आधुनिक कृषि यन्त्र तथा औजार खरीदमा अनुदान दिने र भूमिगत जलभण्डारको पुनर्भरण एवम् सिंचाई सुविधा विस्तारका लागि पानी सञ्चय पोखरी निर्माण गर्ने व्यवस्था मिलाईनेछ। उन्नत खेती प्रविधि मार्फत स्थानीय कृषि उत्पादन वृद्धि गर्ने, विषादीरहित तरकारी उत्पादनलाई

प्रोत्साहित गर्ने र उत्पादित वस्तुलाई बजारको पहुँचमा ल्याई मूल्य श्रृङ्खलामा जोड्नका लागि विक्री स्थलको व्यवस्था तथा इलेक्ट्रोनिक सवारी/ढुवानी साधन उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

५३. तरकारी तथा फलफुल खेतीमा विषादीको सुरक्षित प्रयोग, विषादीको बढ्दो प्रयोगबाट हुने नकारात्मक असरबारे जनचेतना फैलाउन र उपभोक्ता समक्ष सुरक्षित एवम् गुणस्तरीय तरकारी तथा फलफुलको पहुँच पुर्‍याउन आईपिएम कृषक पाठशाला सञ्चालन गर्ने, रोग तथा किराहरुको व्यवस्थापन एवम् रोकथामका लागि स्थलगत बाली उपचार शिविर सञ्चालन गर्ने र उपमहानगरक्षेत्रभर सञ्चालनमा रहेका हाटबजारहरुमा संघ तथा प्रदेश सरकारका निकायहरुसँगको समन्वयमा नियमित रुपमा विषादी परीक्षण गर्ने कार्य गरिनेछ ।

५४. कृषकहरूले लगाएको खेतीबालीमा विपद्का कारण हुने क्षतिको जोखिम न्यूनीकरण गर्न कृषक र बिमा कम्पनीबिच समन्वयात्मक कार्यक्रम गरी कृषि बीमासम्बन्धी जानकारी गराईनेछ । युवा लक्षित व्यावसायिक कृषि कार्यक्रम एवम् एकल महिला, मुस्लिम महिला, अपाङ्गता भएका महिला, दलित महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, भूमिहिन, जनजाति, द्वन्द पीडित र मुक्त कमैया परिवारको जीवनस्तर उकास्न पुष्प, तरकारी एवम् च्याउ खेती विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

५५. विगत वर्षहरुमा विभिन्न साझेदार संस्थाहरूसँगको सहकार्यमा निर्माण भएका उपमहानगरक्षेत्रभित्रका सिंचाईं लगायतका कृषि पूर्वाधारहरूको मर्मत सम्भार गरी क्रमिक रुपमा पुनः व्यवस्थित तवरबाट प्रयोग गर्ने व्यवस्था मिलाईनेछ ।

**<u>पशुपंक्षी विकास कार्यनीति:</u>**

५६. पशुपंक्षीको उपचार तथा भ्याक्सिनेसन, सामुदायिक पशुहरुको उचित व्यवस्थापन एवम् प्राणघातक रेविज रोग न्यूनीकरणका लागि सामुदायिक कुकुरको बन्ध्याकरण गर्ने नीति लिईनेछ । पशुपंक्षीमा हुने क्षेतीको जोखिम न्युनिकरण गर्न बीमासम्बन्धी जनचेतनामुलक कार्यक्रम संचालन एवम् उपमहानगरबाट सञ्चालन हुने पशुपंक्षीपालनसम्बन्धी अनुदानका कार्यक्रमहरुमा बिमा अनिवार्य गरिनेछ ।

५७. पशुहरुको नस्ल सुधार गरी पशुजन्य पदार्थको उत्पादन तथा उत्पादकत्त्व बृद्धि गर्न कृत्रिम गर्भाधान कार्यलाई दक्ष प्राविधिक र आधुनिक उपकरण मार्फत सञ्चालन गरिनेछ । उपमहानरलाई दुध, मासु र अण्डामा आत्मनिर्भर बनाई उपभोक्तालाई गुणस्तरीय पशुजन्य पदार्थ उपलब्ध गराउन पशुजन्य पदार्थको उत्पादन एवम् बजार प्रबर्धन गरिनेछ ।

५८. उपमहानगरभित्रका पशुपंक्षीपालनमा संलग्न युवा, एकल महिला, मुस्लिम महिला, अपाङ्गता भएका महिला, दलित महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, भूमिहिन, जनजाति, द्वन्द पीडित, मुक्त कमैया एवम् विपन्न परिवारको जीवनस्तर उकास्न विभिन्न आयमुलक कार्यक्रमहरु संचालन गरिनेछन् ।

५९. दुध उत्पादनका लागि भैंसीपालन व्यवसायमा संलग्न कृषकहरुलाई आगामी तीन वर्षसम्म दुग्ध विकास संस्थानसंगको समन्वय र सहकार्यमा आवश्यक सहयोग तथा व्याज वापतको रकम अनुदान उपलब्ध गराउने नीति लिईनेछ ।

**सहकारी विकास तथा गरिबी न्यूनिकरण कार्यनीति:**

६०. उपमहानगरक्षेत्रमा सञ्चालित सहकारी तथा गरिबी निवारण सूचना प्रणाली (COPOMIS) मा आबद्ध नभएका सहकारी संस्थालाई उक्त प्रणालीमा आबद्ध गराईनेछ । सहकारी संस्थाद्वारा सञ्चालित कार्यक्रमलाई प्रोत्साहित गरिनेछ । असङ्गठित रुपमा ज्यालामजदुरी गरिरहेका सिपयुक्त श्रमिकहरुलाई सहकारीमा आबद्ध गरी उनीहरुको आर्थिक स्थिति सुधार गर्नका लागि आवश्यक व्यवस्था मिलाईने नीति लिईनेछ ।

**उद्योग कार्यनीति:**

६१. सीप तथा रोजगार मेला, लघु उद्यम विकास कार्यक्रम एवम् अन्य तवरबाट सञ्चालित छोटो अवधिका सीप विकास तालिम प्राप्त गरेका व्यक्तिहरुलाई स्वरोजगारमा संलग्न भई उद्यमी बन्नका लागि प्रोत्साहित गरिनेछ । महिलाहरुले खाद्य तथा वस्तु उत्पादनमा घरमै सिकेका परम्परागत सीपहरुको बजारीकरणका लागि सम्वत् २०८१ साल मंसीर १ गतेदेखि सञ्चालित **शनिबारीय महिला उद्यम बजार**लाई निरन्तर सञ्चालन गरी उक्त बजारमा महिलाहरुले उत्पादन गरेका सामग्रीहरुको बेचविखन गरी आयआर्जन गर्ने व्यवस्था मिलाईनेछ ।

६२. स्थानीय जाति जनजातिको भेषभूषा संरक्षणको लागि तालिम सञ्चालन गरिनेछ । उपमहानरका सबै वडामा आर्थिक गतिविधि बढाई स्थानीय उत्पादनको स्थानीयस्तरमै खपत गराउन आर्थिक विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

६३. सिपमूलक कार्यक्रममा आवद्ध भई सफलता हासिल गरिरहेका महिला उद्यमीलाई सम्मान गर्न उद्यम विकास कोषको व्यवस्था गर्ने, अति विपन्न, रोजगारी गुमेका र वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुलाई उद्यमशीलता तथा सिप विकास तालिम मार्फत उद्यमी बनाउने एवम् एकल महिला, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा अल्पसंख्यक र विपन्न महिलाहरुले सञ्चालन गरेका व्यवसायमा विशेष सहुलियत दिने कार्यलाई निरन्तरता दिईनेछ ।

**पर्यटन तथा संस्कृती प्रवर्धन कार्यनीति:**

६४. उपमहानगरक्षेत्रभित्रका नयाँ तथा साविकका पर्यटकीय स्थललाई सुरक्षित पर्यटकीय गन्तव्यका रुपमा विकास गर्दै स्थानीय स्तरमा रोजगारीका अवसरको वृद्धि गरी उपमहानगरबासीको जीवनस्तरमा सुधार गरिनेछ । उपमहानगर र सुदुरपश्चिम प्रदेशका अन्य स्थानीय तहमा रहेका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलहरुको प्रचार प्रसार गरी टेवा पुर्‍याउन डिजिटल टुरिजम पोर्टल (Digital Tourism Portal), भर्चुल टुर (Virtual Tour) र क्यूआर कोड (QR Code) बाट सूचना प्राप्त गर्ने प्रणालीको विकास गर्ने र ती क्षेत्रहरुको भ्रमण गर्ने आन्तरिक तथा बाह्य पर्यटकहरुका लागि धनगढीलाई सुरक्षित प्रवेशविन्दुका रुपमा विकास गर्ने कार्य गरिनेछ । यसको सुरुवात स्वरुप यस वर्ष धनगढी उपमहानगरबासीको सु-स्वास्थ्य र दीर्घायुको कामनाका लागि बाजुराको बडीमालिका मन्दिरमा

जनैपूर्णिमामा लाग्ने मेलाको अवसरमा उपमहानगरबाट पुजाटोली सहित सहभागी हुने व्यवस्था मिलाई आगामी वर्षहरुमा समेत उक्त कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाईनेछ ।

६५. पर्यटन प्रवर्द्धनका लागि स्थानीय होमस्टे कार्यक्रमलाई व्यवस्थित गरिनेछ । उपमहानगरक्षेत्रका मन्दिर, गुम्बा, देउथान, भुईयाँ, विहार, मस्जिद लगायतका धार्मिक तथा साँस्कृतिक स्थलहरुमा हुने दैनिक साँस्कृतिक तथा पर्यटकीय गतिविधिलाई स्थानीय समुदायसँग जोडेर रोजगारी र आयआर्जनको अवसरहरु सृजना गरिनेछ ।

६६. स्थानीय भेषभूषा, रीतिरीवाज, कला, संस्कृति झल्काउन संग्रहालयको सञ्चालन गरी आन्तरिक तथा वाह्य पर्यटक भित्र्याउने उपयुक्त कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ । शहरका मुख्य चोक तथा स्थानहरुमा सुदुरपश्चिमको श्रीवृद्धि गर्ने महापुरुषहरुको शालिक निर्माण गर्ने र सुदूरपश्चिमको साहित्यिक विकासको प्रबर्धन गर्ने नीति लिईनेछ ।

## रोजगार प्रवर्द्धन कार्यनीति:

६७. अनुसन्धान, प्रयोग तथा सोचलाई उत्प्रेरणा दिने वातावरणको सृजना गर्न ईन्नोवेसन हव (Innovation Hub) को स्थापना गरी नयाँ व्यवसाय (Startup Business) सुरु गर्न चाहनेहरुका लागि आर्थिक, प्राविधिक र परामर्श सहायता प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

६८. स्वदेश तथा विदेशमा श्रम तथा रोजगारमा संलग्न हुने चाहने नेपाली नागरिकलाई संघ तथा प्रदेश सरकारका निकाय, गैरसरकारी निकाय, निजी क्षेत्र र रोजगारदाताहरुसँगको समन्वय, सहकार्य र साँझेदारीमा व्यावसायिक सीप विकास, रोजगार प्रवर्द्धन, उत्पादनशील रोजगारी सिर्जना गर्नका लागि **सीप तथा रोजगार मेला**को सञ्चालन तथा व्यवस्थापन गरी युवा रोजगारी लक्षित कार्यक्रम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ । उक्त मेलामा सञ्चालन हुने तालिम तथा कार्यक्रमहरुमा धनगढी उपमहानगर, सुदूरपश्चिम प्रदेश र अन्य प्रदेशका स्थानीय तहबाटसमेत प्रशिक्षार्थीहरु सहभागि हुने व्यवस्था मिलाईनेछ ।

६९. विद्यालयका माथिल्ला कक्षा र क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुले पढ्नका लागि कमाउन सहयोग पुग्ने गरी **"पढ्दै कमाउँदै"** गर्न, यूवाहरुलाई स्टार्टअप व्यवसाय (Startup Business) प्रवर्द्धनका लागि सन्ध्याकालिन बजार सञ्चालन गरिनेछ । स्थानीय रोजगारी सृजना गर्ने कार्यक्रमहरुलाई प्राथमिकता दिईनेछ ।

७०. वैदेशिक रोजगारीबाट फिर्ता आएका श्रमिकहरुको सीप पहिचान गरी स्वरोजगारमूलक कार्यमा संलग्न गराउन पहल गरिनेछ । ती श्रमिकहरुको सामाजिक तथा आर्थिक पुन: एकिकरणका लागि उद्धमशिलता विकास, सिपमूलक तालिम तथा अनुदानका कार्यक्रमहरु संचालन गरिनेछन् । वैदेशिक रोजगारीलाई समयानुकुल सहज र व्यवस्थित गर्न सूचना, सिप विकास, कानुनी सहजीकरण, मनोपरामर्श र वित्तीय साक्षरता सेवालाई अझ प्रभावकारी बनाउन वैदेशिक रोजगारसँग जोडिएका घरपरिवारको प्रोफाइल तयार गरिनेछ ।

७१. उपमहानगरमा सुचीकृत बेरोजगारहरुलाई प्राथमिकताको आधारमा आन्तरिक रोजगारीका क्रियाकलापमा संलग्न गराउन सिपमूलक तालिम प्रदान गरिनेछ। रोजगार सेवा केन्द्रलाई थप सुदृढिकरण गरी श्रम सूचना बैंकको रुपमा स्थापित गरिनेछ। वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित, पारदर्शी र व्यवस्थित गर्न श्रम स्वीकृती र पुनःश्रम स्वीकृती प्रक्रियालाई निरन्तरता दिईनेछ। युवाहरुलाई सूचना प्रविधिमा आवद्ध गरी रोजगारीका अवसरको सृजना गर्न पहल गरिनेछ।

## (ख) सामाजिक विकास नीति:

७२. शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षामा उपमहानगरबासीको सर्वशुलभ पहुँच स्थापित गर्न संघ तथा प्रदेश सरकार, गैरसरकारी निकाय र निजी क्षेत्रहरु समेतको सर्वपक्षीय समन्वय, सहकार्य र सहयोग मार्फत कार्यक्रम सञ्चालन गरी उपमहानगरलाई लोक कल्याणकारी उपमहानगरपालिकाको रुपमा विकास गरिनेछ।

### शिक्षा, यूवा तथा खेलकुद विकास कार्यनीति:

७३. **"दलित अभियन्ता जुठे दमाई छात्रवृत्ति कार्यक्रम"** सञ्चालन गरी आमा शिक्षित भएमा परिवार, समाज र सिङ्गो राष्ट्रको विकासमा योगदान पुग्छ भन्ने विश्वासका साथ दलित समुदायका छात्राहरुको शिक्षामा पहुँचवृद्धि, सामाजिक समावेशीकरण र लैङ्गिक समानता प्रवर्धन गर्न विद्यालय तहको कक्षा ८ देखि कक्षा १० सम्म अध्ययनरत दलित छात्राहरुलाई प्रति छात्रा वार्षिक २ हजारसम्मको स्टेश्नरी सामग्री नि:शुल्क उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

७४. **"दलित अभियन्ता टिकाराम पार्की छात्रवृत्ति कार्यक्रम"** मार्फत विद्यालय तहको कक्षा ११/१२ देखि स्नातक तहसम्म विज्ञान, शिक्षा, कानून र कृषि विषय अध्ययनरत दलित छात्राहरुलाई उच्च शिक्षा प्राप्त गर्न छात्रवृत्ति उपलब्ध गराईनेछ।

७५. विद्यालय तहको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालय, विद्यार्थी, शिक्षक तथा कर्मचारीलाई पुरस्कृत गर्ने, एउटै शैक्षिक क्यालेण्डर मार्फत विद्यालयका शैक्षिक गतिविधि सञ्चालन गर्ने तथा सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुको ई-हाजिरी व्यवस्थापन गर्ने र ई-हाजिरीको आधारमा उपमहानगरबाट सोझैं सम्बन्धित शिक्षक तथा कर्मचारीहरुको व्यक्तिगत बैंक खातामार्फत तलबभत्ता एवम् पारिश्रमिक भुक्तानी गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

७६. उपमहानगरको मुख्य शहरीक्षेत्रका सामुदायिक विद्यालयमा अध्ययनरत बालविकास कक्षा देखि पाँच कक्षासम्म अध्ययनरत सबै र तोकिएका अन्य विद्यालयका तोकिएका कक्षाका विद्यार्थीहरुलाई दिवा खाजा खुवाउन केन्द्रिकृत भान्साघर सञ्चालनमा ल्याईनेछ।

७७. विद्यालयहरुमा सञ्चालित शिक्षण सिकाइ क्रियाकलापहरुलाई सुदृढ गर्न एवम् विद्यालयमा कार्यरत जनशक्तिको पेसागत दक्षता अभिवृद्धि तथा अध्ययनरत विद्यार्थीको क्षमता विकास गर्नका लागि प्रधानाध्यापक बैठक, विषयगत शिक्षक तालिम, शैक्षिक भ्रमण, कक्षा अवलोकन, शैक्षिक मेला तथा

प्रदर्शनी, विद्यालय अनुगमन तथा सुपरीवेक्षण, दरबन्दी नपुग भएका सामुदायिक विद्यालयमा सम्बन्धित वडाको साँझेदारी कार्यक्रम मार्फत थप शिक्षक व्यवस्थापन, तोकिएका शिक्षक तथा कर्मचारीहरुको थप पारिश्रमिक व्यवस्थापन, शैक्षिक अनुभव आदानप्रदान, कलष्टर समूह निर्माण एवम् व्यवस्थापन, रोष्टर समुह निर्माण एवम् परिचालन तथा विज्ञ स्रोत शिक्षकको परिचालन गर्ने तथा शुक्रबारीय सिप विकास कार्यक्रम (स्टिम), क्यारियर काउन्सेलिङ, आधारभूत तहको परीक्षा सञ्चालन र विद्यार्थी प्रतिभा पहिचानका लागि विभिन्न प्रतियोगितात्मक कार्यक्रम सञ्चालन गरिनेछन् ।

७८. **"सामुदायिक विद्यालय शैक्षिक गुणस्तर सुधार कार्यक्रम"** लागु भएका विद्यालयहरुमा प्रविधिमैत्री शिक्षण सिकाइका लागि स्मार्टबोर्ड तथा हाईस्पिड इन्टरनेट जडान तथा सञ्चालन, बालबालिकाहरुको खेलकुद विकासका लागि प्ले स्टेशन स्थापना र छात्राहरुलाई नि:शुल्क पोशाक वितरण गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ । सामुदायिक विद्यालयको भौतिक व्यवस्थापनका लागि सुविधा सम्पन्न भवन तथा कक्षाकोठा, शौचालय, घेराबार निर्माण, फर्निचर व्यवस्थापन, मर्मत सम्भार, पुस्तकालय तथा विज्ञान प्रयोगशालाको स्थापना गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

७९. उपमहानगरस्तरीय खेलकुद कार्यक्रमहरुलाई व्यवस्थित गरिनेछ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा उपमहानगरको गौरव अभिवृद्धि गर्ने खेलाडीलाई सम्मान गरिनेछ । ग्रासरुट लेभलबाटै क्रिकेट, फुटबल लगायतका खेल विधाका खेलाडीहरु उत्पादन गर्न सरोकारवालाहरुको सहकार्यमा विद्यालय तथा स्थानीयस्तरका खेलमैदानहरुको उपयोग गरी ग्रासरुट लेभल खेलकुद विकास कार्यक्रम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

८०. **"हाम्रो धनगढी, सफा धनगढी"** अभियानलाई निरन्तरता दिनका लागि विद्यालयस्तरबाटै सरसफाईसम्बन्धी सीप विकास गर्न विद्यालयक्षेत्र वरपरको कम्तिमा ५ सय मिटरको क्षेत्रलाई फोहरमैलामुक्त क्षेत्रको रुपमा विकसित गरी हरेक शुक्रबार सरसफाई गर्ने र विद्यालयले गरेको सरसफाईको वार्षिक मूल्याङ्कनको आधारमा सर्वोत्कृष्ठ ठहरिएका एक सामुदायिक र एक संस्थागत विद्यालयलाई उपमहानगरको स्थापना दिवसको दिन पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

८१. विद्यालयतहको शैक्षिक तथ्याङ्कलाई व्यवस्थित गरिनेछ । उपमहानगरको शैक्षिक विकासका लागि संघ, प्रदेश तथा अन्य संघसंस्थासंगको समन्वय, सहकार्य र सहयोगमा विभिन्न शैक्षिक विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ । असहाय, अपाङ्गता भएका र सडक बालबालिकाहरुका लागि आवास सञ्चालन गरेका सार्वजनिक छात्रबास, आश्रम, विद्यालय एवम् संघसंस्थालाई अनुदान उपलब्ध गराईनेछ ।

८२. तोकिएको लक्षित समूहका विद्यार्थीहरुलाई आवासिय तथा गैरआवासीय छात्रवृत्ति उपलब्ध गराईनेछ । संस्थागत विद्यालयको कक्षा ११ र कक्षा १२ मा अध्ययन गर्नका लागि सम्बन्धित संस्थागत विद्यालयबाट प्राप्त हुने १० प्रतिशत कोटामा उपमहानगरले विद्यार्थीहरु छनौट गरी नि:शुल्क अध्ययन गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ । सामुदायिक विद्यालयमा अध्ययनरत गरिब तथा विपन्न परिवारका विद्यार्थीहरुलाई शैक्षिक सामग्री उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

८३.	विज्ञान तथा प्रविधिको प्रबर्धन गर्नका लागि विभिन्न अध्ययन तथा अनुसन्धानमूलक कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिईनेछ ।

**<u>स्वास्थ्य सेवा कार्यनीति :</u>**

८४.	आधारभुत स्वास्थ्य सेवालाई प्रभावकारी तथा गुणस्तरीय बनाउन स्वास्थ्य संस्थाहरुलाई आवश्यक पर्ने जनशक्ति, पुर्वाधार, औषधि, उपकरण लगायतका अन्य श्रोतसाधनमा अभिवृद्धि गर्दै प्रविधिमैत्री बनाउँदै लैजाने कार्यलाई निरन्तरता दिईनेछ । महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका कार्यक्रमलाई समयानुकुल पुनरावलोकन गर्दै लगिनेछ ।

८५.	उपमहानगरका सबै वडामा मासिक रुपमा सञ्चालन भैरहेको विशेषज्ञ वडा स्वास्थ्य क्लिनिकलाई थप प्रभावकारी बनाउन निजी तथा सरकारी स्वास्थ्य संस्थाहरुसंगको सहकार्यमा कार्यक्रमहरु सञ्चालन गरिनेछन् । उपमहानगरपालिकाका सबै क्लस्टरहरुमा क्रमशः अस्पताल निर्माण गर्दै लैजाने नीति अनुरुप फुलबारी कलष्टरको वडा नम्बर १८ मा १५ शैय्याको आधारभूत अस्पताल सञ्चालन गरिनेछ ।

८६.	विपन्न तथा सामाजिक रुपमा पिछडिएका वर्गहरुको स्वास्थ्य उपचारमा सहज पहुँचका लागि स्वास्थ्य बिमाको प्रिमियम भुक्तानी गर्ने कार्यलाई निरन्तरता दिईनेछ । पोषण क्षेत्रमा समग्र सुधारका एकिकृत पोषण कार्यक्रमहरु सञ्चालन गरिनेछन् । गुणस्तरीय गर्भजाँच, संस्थागत प्रसुतीलाई प्रोत्साहन, उत्तर प्रसुती जाँच, नवजात शिशुको स्वास्थ्य सुरक्षाका लागि आवश्यक सेवा सुनिश्चितता गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

८७.	उच्च रक्तचाप, मधुमेह, मुटुरोग, क्यान्सर, मृगौला रोग लगायतका नसर्ने रोगहरुको स्क्रिनिङ तथा जनचेतना र क्षयरोग, कुष्ठरोग, औलो, कालाजार, डेंगु, जापानिज इन्सेफलाइटिस जस्ता सर्ने तथा महामारीजन्य रोगहरुको रोकथाम, पहिचान र उपचारलाई प्रभावकारी रुपमा सञ्चालन गर्दै लगिनेछ ।

८८.	निजी स्वास्थ्य संस्थाहरुको दर्ता, नविकरण र सेवास्तरको नियमितताका लागि तोकिएको मापदण्ड अनुरुप भए/नभएको सुनिश्चितताको लागि अनुगमन प्रकृयालाई प्रभावकारी रुपले सञ्चालन गरिनेछ । औषधिहरुको जेनरिक नेम (Generic Name) को प्रयोगलाई बढावा दिनका लागि जनचेतना अभिवृद्धि कार्यक्रमहरु सञ्चालन गरिनेछ । आमाको दुधको प्रतिस्थापन गर्ने वस्तुहरुको विक्री वितरणमा नियमन गरिनेछ ।

८९.	विद्यालय तथा समुदायमा लागु औषध दुर्व्यसनका हानिकारक प्रभावबारे नियमित शिक्षा, जागरुकता प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ । लागु पदार्थ दुर्व्यसनीलाई रोगी सरहको व्यवहार गरी प्रदेश सरकार, अभिभावक र उपमहानगरपालिकाको संयुक्त सहकार्यमा उपचार र पुनः स्थापना सम्बन्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

९०.	उपमहानगरबासीको उपचारको क्रममा आवश्यक पर्ने रगत र रगतजन्य पदार्थको सहज उपलब्धताको लागि नेपाल रेडक्रस रक्त सञ्चार केन्द्र धनगढीलाई उपलब्ध गराउँदै आएको भुक्तानीलाई निरन्तरता दिइनेछ । विपन्न नागरिक औषधि उपचार कोष मार्फत बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल

भरतपुर चितवनसँग समन्वय गरी क्यान्सर रोग लागेका बिरामीहरुलाई औषधि उपचार बाफत आर्थिक सहायता प्रदान गरिनेछ ।

९१. खोपमा छुट भएका बालबालिकालाई खोजेर खोप लगाउने कार्यक्रमलाई सशक्त बनाउदै पूर्णखोप दिगोपना तथा सुनिश्चितता कायम गर्ने कार्यलाई निरन्तरता दिदैं खोपबाट बचाउन सकिने रोगहरुको सर्भिलेन्सलाई निरन्तर गरिनेछ । उपमहानगरभित्र मानसिक स्वास्थ्यको क्षेत्रमा काम गर्ने विभिन्न संघसंस्थाहरुको समन्वयमा मानसिक स्वास्थ्य सम्बन्धि कार्यक्रमहरु सञ्चालन गरिदै लगिनेछ ।

९२. उर्मा आयुर्वेद औषधालयमा पुर्वकर्म (स्नेहन, स्वेदन) सेवा सुचारु गर्ने व्यवस्था मिलाईनेछ । पाईल्स, फिस्टुला सम्बन्धि रोगहरु (Anorectal Diseases) को स्क्रिनिङ तथा उपचारका लागि नि:शुल्क क्षारसूत्र अप्रेसन शिविर सञ्चालन गरिनेछ ।

९३. **"मेरो स्वास्थ्य, मेरो जिम्मेवारी'** लाई साकार पार्न घर आँगनमा जडिबुटी उत्पादन गर्ने र आयुर्वेद तथा योग जीवनशैलीमा सुधार गर्न विद्यालय शिक्षा कार्यक्रम संचालन गरिनेछ । आयुर्वेद तथा अन्य वैकल्पिक चिकित्सा पद्दतिलाई प्रवर्धन गर्दै लगिनेछ ।

**महिला, बालबालिका तथा अपाङ्गता क्षेत्रसम्बन्धी कार्यनीति :**

९४. समुदायस्तरमा सञ्चालित सामुदायिक संस्था एवम् समुहहरुमार्फत लैंगिक हिँसा, बालविवाह र हानिकारक अभ्यासहरुको न्यूनीकरण गर्न मानवीय मूल्य प्रबर्द्धन, लैङ्गिक रुपान्तरण र जोडी सम्वाद जस्ता प्रभावकारी कार्यक्रमहरुलाई विस्तार गरी आदर्श परिवार र सभ्य समाज निर्माण गर्न पहल गरिनेछ ।

९५. उपमहानगरमा हिंसा प्रभावित महिला तथा बालबालिकाहरुका लागि अल्पकालिन पुन:स्थापना केन्द्र (सेफ हाउस) सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ । अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकहरुको सशक्तिकरण गर्दै उनीहरुमा निहित ज्ञान, सीप तथा अनुभवलाई पुस्तान्तरण गर्दै विकास निर्माणमा उपयोग गर्न वडास्तरमा सञ्जाल निर्माण गरी परिचालन गरिनेछ ।

९६. आर्थिक अवस्था कमजोर भएका, हिँसा प्रभावित, अपाङ्गता भएका र सामाजिक रुपले पछाडी पारिएका वर्गका महिला एवम् लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिहरुको आर्थिक सशक्तीकरणका लागि उद्धमशीलता विकास तथा प्राविधिक सिप विकाससम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । आदिवासी थारु, रानाथारु लगायतका जनजाति र दलित समुदायमा रहेका परम्परागत रैथाने ज्ञान, सीप र पेशाको आधुनीकिकरण गरी रोजगारी सिर्जना गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

९७. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको पहुँच अभिवृद्धि गर्न उपमहानगरपालिकाको भौतिक संरचना, वेबसाइट तथा अन्य सूचना सम्प्रेषणका माध्यमहरुलाई पहुँचयोग्य बनाउने, अपाङ्गता भएका ब्यक्तिलाई सम्मानपूर्ण जीवनको प्रत्याभूति एवम् सहज पहुँच स्थापित गर्न आवश्यक सहायक सामग्री नि:शुल्क उपलब्ध गराउने र बौद्धिक अपाङ्गता, अटिजम, मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुका लागि विशेष प्रकारका कार्यक्रम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**सामाजिक/सामुदायिक विकास कार्यनीति:**

९८. सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई वित्तीयक्षेत्रसँगको सहकार्यमा व्यवस्थित गरिनेछ । सामाजिक सुरक्षा कोषमा आवद्ध नभएका नगर कार्यपालिकाको कार्यालयमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरिनेछ । सामाजिक संरचना अनुसारको जातजाती, भाषा, धर्म, संस्कृति, भेषभुषा, रहनसहन लगायतको पहिचान गरी जगेर्ना गर्न संरक्षण सम्बन्धि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९९. बालमैत्री उपमहानगर घोषणा गर्न वडास्तरमा सक्रिय बालक्लब तथा बालसञ्जालको सूची तयार गरी तोकिएका सूचक पुरा गरेका वडाहरुलाई क्रमश: बालमैत्री वडा घोषणा गर्दै लगिनेछ । बालसञ्जालमा आवद्ध बालबालिकाहरुको क्षमता विकास गरी बालविवाह र बालश्रम न्यूनिकरणासम्बन्धी सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ । समुदायस्तरमा सक्रिय सामाजिक संघसंस्थाहरुलाई दिइने आर्थिक अनुदानलाई व्यवस्थित गरिनेछ ।

१००. समुदायस्तरबाट विकासको अवाधारणालाई प्रोत्साहित गर्न टोल विकास संस्थालाई क्रियासिल, जिम्मेवार र उत्तरदायी बनाउन टोल विकास संस्थाको विवरण अध्यावधिक गरिनेछ । नागरिक सहभागितालाई व्यवस्थित गर्ने नीति अवलम्बन गरिनेछ ।

१०१. सरोकारवाला संघसंस्थाहरुसँग समन्वय गरी सडक आश्रित मानव रहित उपमहानगर बनाउने, ज्येष्ठ नागरिक, भगतजी र एकल महिलाहरुलाई धार्मिक यात्रा गराउने, शव चिस्यान तथा मृत्यु संस्कार सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ । पत्रकारिता क्षेत्रको विकास गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ । संघ सरकारको साँझेदारीमा वैदेशिक रोजगार कार्यक्रमको सञ्चालनलाई निरन्तरता दिईनेछ ।

**(ग) पूर्वाधार विकास नीति:**

**"हाम्रो धनगढी: हामी बनाउँछौं"** भन्ने अभियानलाई धनगढीबासीहरुको सहयोग र सहकार्यमा यस वर्ष पनि निरन्तरता दिई प्राथमिकताका आधारमा पूर्वाधार विकास आवश्यकता पहिचान गरी आधुनिक प्रविधि सहितको दिगो तथा वातावरण मैत्री संरचना निर्माण गर्ने नीति लिइनेछ ।

**शहरी पूर्वाधार विकास तथा यातायात व्यवस्था कार्यनीति :**

१०२. उपमहानगरक्षेत्रमा मोटरेबल पक्की पुल, पक्की सडक, झोलुङ्गे पुल, स्टेडियम, सार्वजनिक भवन, सार्वजनिक शौचालय, पार्क आदि दिगो पूर्वाधार विकासका कार्य गर्दा संघ तथा प्रदेश सरकार एवम् सरोकारवाला निकायको समन्वय र सहकार्यमा आधुनिक प्रविधिको उपयोग गर्ने नीति लिईनेछ । उपमहानगरक्षेत्रभित्र रहेका विभिन्न खाली क्षेत्र, सडक किनारलाई व्यवस्थित फुड लेन (Food Lane),

पार्किङ क्षेत्र र बगैचाको रुपमा विकास गर्दै लगिनेछ । सम्पत्ति व्यवस्थापन योजना (Asset Management Plan) लाई थप सुधार गरी उपमहानगर क्षेत्रभित्रका सडक लगायतका पूर्वाधार सम्पतिहरुको अध्यावधिक गरी नियमित रुपमा मर्मत-सम्भार तथा स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१०३. शहरी सडक निर्माण गर्दा फुटपाथ सहितको शहरी सडक निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ भने नाली सहित सडक निर्माण भैसकेका सडकहरुका हकमा फुटपाथ निर्माण तथा सुधार गर्ने कार्यको सुरुवात गरिनेछ । वडा नम्बर ३ कालिकानगर चटकपुरमा नगर विकास कोषको ऋण सहयोगमा सुविधा सम्पन्न बसपार्क निर्माण गर्ने कार्यलाई अगाडी बढाउन पहल गरिनेछ । वडा नम्बर ९ स्थित त्रिवेणी घाट क्षेत्रमा शव जलाउनका लागि वातावरणमैत्री शब व्यवस्थापन प्रणाली (Pollution Free Modern Wood Based Traditional Cremation System) जडान गर्न पहल गरिनेछ ।

१०४. उपमहानगरस्तरका विकास आयोजनाहरुको सञ्चालनका लागि आयोजना बैंक (Project Bank) को स्थापना गरी आयोजना बैंकमा समावेश भएका आयोजनाहरुको क्रमश: कार्यान्वयन गर्दै लगिनेछ । उपमहानगरका सबै वडाका पुराना वस्तीमा रहेका सडक एवम् अन्य पूर्वाधार विकासको कार्यलाई प्राथमिकतासाथ सञ्चालन गरिनेछ ।

१०५. वडास्तरमा विनियोजित बजेटबाट सञ्चालन हुने सम्पूर्ण कार्यक्रम तथा योजनाहरुको लागत अनुमान तयारी, स्विकृति, सम्झौता, अनुगमन तथा मुल्याङ्कन र भुक्तानीसम्बन्धी सबै कार्यहरु वडा कार्यालयबाटै हुने व्यवस्था मिलाईनेछ ।

१०६. उपभोक्ता समितिमार्फत निर्माण हुने आयोजनाहरुको लागत साँझेदारीको अनुपात आर्थिक वर्ष २०८१।८२ अनुसार नै हुनेछ ।

१०७. उपमहानगरक्षेत्रभित्र निर्माण हुने व्यावसायिक भवनहरुमा सौर्य उर्जा प्रविधि तथा वर्षातको पानी संकलन प्रविधि (Rain Water Harvesting) गर्नका लागि प्रोत्साहन गरिनुका साथै उपमहानगर अन्तर्गतका कार्यालय भवनहरुलाई उर्जा दक्षतायुक्त (Energy Efficiency) बनाउदै लगिनेछ ।

१०८. उपमहानगरक्षेत्रभित्रका प्राकृतिक ताल, तलैयाहरुको बहुउपयोगी पक्षलाई समेटी जैविक विविधता तथा वातावरण संरक्षण गर्दै पर्यटन प्रवर्धन तथा जीविकोपार्जनमा योगदान पुर्‍याउने कार्यक्रम सञ्चालन गरिनेछ । गौशालाहरुमा आवश्यकताका आधारमा पूर्वाधार तथा उपकरणहरुको थप व्यवस्था गरिनेछ ।

१०९. नगर बस सेवा संचालन भएको रुटमा व्यवस्थित बस विसौनी (ओराल्ने र चढाउने) को व्यवस्था गरिनेछ । उपमहानगरको ग्रामीण क्षेत्रलाई शहरसँग जोड्न, सहुलियत शुल्कमा यातायात सेवा उपलब्ध गराउन, ग्रामीण क्षेत्रको उत्पादन शहरमा ल्याई बेचविखन गर्न, बजारबाट दैनिक उपभोग्य सामग्रीहरु ग्रामीण भेगमा लैजान र अन्य अति आवश्यक कामकाजका लागि समय मै गन्तव्यमा पुग्ने कार्यमा सहयोग पुर्‍याउन हाल फुलबारी-धनगढी-अत्तरिया रुटमा सञ्चालन भईरहेको नगरबस सेवालाई निरन्तरता दिई उपमहानगरका अन्य क्षेत्रहरुमा समेत नगर बस सेवा सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।

११०. सडक सुरक्षा सुनिश्चित गर्न रोड मार्किङ (Road Marking) लगायत सडक सतहमा ट्राफिक निर्देशन, सवारी नियम, सवारी चलाउने दिशा र सीमा निर्धारण गर्न रेखाहरू, संकेतहरू तथा चिन्हहरू राख्ने

कार्यलाई निरन्तरता दिईनेछ । शहरी क्षेत्रमा सडक चोकहरूमा हुने ट्राफिक जाम, दुर्घटना तथा अव्यवस्थित आवागमनले हुने समस्या निरुपणका लागि सुरक्षित, व्यवस्थित र प्रविधिमैत्री चोक सुधार गर्ने नीति लिईनेछ।

१११. यूनिभर्सल/स्मार्ट (Universal/Smart) शौचालय रहेका स्थानमा शुद्ध खानेपानीको व्यवस्था गर्ने साथै मुख्य मुख्य स्थानमा वाटर एटिएम (Water ATM) को व्यवस्था गरिनेछ। उपमहानगर क्षेत्रभित्र निर्माण हुने योजनाहरूको गुणस्तर चेकजाँच गर्नका लागि स्थापना भएको इन्जिनिरियङ ल्याब (Engineering Lab) लाई थप स्तरोन्नती गरिनेछ।

**भवन, आवास, वस्ती विकास तथा शहरी विकास कार्यनीति:**

११२. भवन तथा योजना निर्माण मापदण्ड, २०८० लाई कार्यान्वयन गर्दै नक्सा पास सम्बन्धी विद्युतीय प्रणाली (Electronic Building Permit System) लाई थप सुधार गर्दै लगिनेछ, साथै, घरधनीहरुले आफ्नो नक्सापास गरी निर्माण गरेको पुरानो घरलाई राष्ट्रिय भवन संहिताको मापदण्ड पालना गरी रेट्रोफिटिङ (Retrofitting) गर्न चाहेमा रेट्रोफिटिङका लागि पेश हुने घरनक्सा पासमा शतप्रतिशत मिनाहा गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ।

११३. घर निर्माण सम्पन्न प्रमाणपत्र उपलब्ध गराउँदा अनिवार्य घर नम्बर (House Number) सहितको निर्माण सम्पन्न उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

११४. उपमहानगरक्षेत्र भित्र खुल्ला क्षेत्रहरुको पहिचान गरी महिला समाबेशी र जलवायु उत्थानसील (Women Inclusive and Climate Resilience) स्थानको रुपमा विकास गर्न यूनोप्स महिलामैत्री शहर (UNOPS - Cities 4 Women), यूएनडिपी (UNDP – United Nations Development Programme) लगायत अन्य संघ संस्थासंग समन्वय एवं सहकार्य गरी कार्यक्रम संचालन गरिनेछ।

११५. उपमहानगर क्षेत्रमा भवन निर्माणमा संलग्न भूकम्प प्रतिरोधात्मक निर्माण सम्बन्धी तालिम नलिएका डकर्मीहरुका लागि भूकम्प प्रतिरोधात्मक भवन निर्माण सम्बन्धि तालिम दिइने कार्यलाई निरन्तरता दिईनेछ।

११६. रणनितिक सडकहरुको क्षेत्राधिकारमा डिमार्केसन गर्ने कार्यको थालनी गरिनेछ । खोला नालाको क्षेत्राधिकारमा डिमार्केसन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

**भूमिसम्बन्धी कार्यनीति:**

११७. संघीय र प्रदेश सरकारसँगको समन्वय, सहकार्य र सहयोगमा भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने, भूमिको उचित प्रयोग गर्न भू-उपयोग योजना तयार गरी भू-उपयोग नक्सा तयार गर्ने, भूमि बैंक परियोजना कार्यक्रम सञ्चालन गर्ने र एकीकृत वस्ती विकासका कार्यक्रम कार्यान्वयनमा ल्याउने कार्य गरिनेछ।

११८. मेट्रिक प्रणालीमा आधारित हाउस नम्बर प्लेट (House Number Plate) जडान कार्यलाई निरन्तरता दिईनेछ । नयाँ निर्माण गरिएका घरहरुलाई निर्माण सम्पन्न हुने वित्तिक घर घर नम्बर प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

११९. उपमहानगरको जियो पोर्टल (Geo Portal) तयार गरी उपमहानगरक्षेत्रको भूमिसम्बन्धी तथ्याङ्क तथा नक्सालाई उक्त पोर्टलमा आवद्ध गरिनेछ । उपमहानगर क्षेत्रभित्र सञ्चालन हुने घर जग्गा खरिद बिक्री व्यावसायलाई व्यवस्थित गर्न बनेको “जग्गा प्लटिङ कार्यविधि, २०८०” लाई कार्यान्वियन गर्न घर जग्गा कारोबार व्यावसायीहरुसँग सहकार्य गरी जग्गा प्लटिङ कार्यलाई थप व्यवस्थित गरिनेछ ।

## पर्यटन पूर्वाधार विकास कार्यनीति:

१२०. उपमहानगर क्षेत्रका ऐतिहासिक, सांस्कृतिक, धार्मिक तथा प्राकृतिक महत्त्व भएका स्थानहरुको पहिचान गरी पर्यटन रोडम्याप तयार गरी पर्यटक मैत्री संकेत चिन्ह र बोर्डहरु लगाइनेछ । कैलाली नाला, सुकुटी नाला र शिवनगर खोला किनारमा फुटपाथ र ग्रिन वेल्ट निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ । ओहोरदोहोर बढी हुने मुख्य सडकका स्थानमा ओभर हेड ब्रिज (Over Head Bridge) का लागि आवश्यक पहल गरिनेछ ।

१२१. धनगढी सभा गृह (Dhangadhi City Hall) धनगढीगाउँ, थारु संग्राहलय पटेला र रानाथारु संग्रहालय राजपुरको सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाईनेछ । उपमहानगरक्षेत्रभित्र रहेको दशरथ भिम उद्यानलाई संघीय सरकार, प्रदेश सरकारको सहयोग तथा सहकार्यमा आधुनिक पार्कको रुपमा निर्माण गर्ने, कनरी पार्क, बेहडा बाबा, शिवपुरी धाम, बेला धाम ताल लगायत अन्य पर्यटकीय एवम् धार्मिक क्षेत्रहरुमा थप पूर्वाधार निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

## सञ्चार तथा सूचना प्रविधि कार्यनीति:

१२२. उपमहानगरपालिकालाई सूचना प्रविधि मैत्रि बनाउन अफिस अटोमेशन म्यानेजमेन्ट सिस्टम (Office Automation Management System) विकासका लागि पहल गरिनेछ । कर्मचारी, शिक्षक तथा विद्यार्थीहरुलाई सूचना प्रविधिको सचेतना बढाउन विभिन्न सूचना प्रविधिसँग सम्बन्धित विषयमा क्षमता विकास गरिनेछ । उपमहानगरमा कार्यरत सबै राष्ट्रसेवक कर्मचारीहरुको हाजिरी ई-हाजिरी प्रणालीमा आवद्ध गरी व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१२३. साईबर सुरक्षा (Cyber Security), डाटा व्यवस्थापन तथा सुरक्षा (Data Management and Security) गर्नका निम्ति आधिकारिक सफ्टवेयरहरुको प्रयोग गर्ने र डाटा व्याकअप (Data Backup) का लागि पर्याप्त स्टोरेज (Storage) को व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ।

१२४. उपमहानगर क्षेत्रभित्र रहेका अत्यावश्यक तथा दुर्घटनाका हिसाबले जोखिम तथा संवेदनशिल स्थानहरुमा सिसिटिभी (CCTV) जडान गर्नका लागि आवश्यक पहल गरिनेछ । उपमहानगरका प्रमुख सडकहरुमा यूटिलिटी डक्ट (Utility Duct) निर्माण गरी अव्यवस्थित रुपमा रहेका तारहरुको उचित व्यवस्थापन र

शेयर्ड इन्फ्रास्टक्चर (Shared Infrastructure) को अवधारणा अनुरुप आवश्यक कानुनी प्रबन्ध मिलाई युटिलिटी सेयरिङ कार्य अगाडी बढाउन पहल गरिनेछ। उपमहानगरलाई सूचना प्रविधिको हबको रुपमा विकास गर्दै सूचना प्रविधिमार्फत यूवाहरुलाई रोजगारीमा जोड्न पहल गरिनेछ।

**विद्युत तथा वैकल्पिक उर्जा कार्यनीति:**

१२५. उपमहानगरको मुख्य शहरका चोकहरुमा आधुनिक प्रविधियुक्त हाई मास्ट/मिनि मास्ट लाईट (High Mast/Mini Mast Light), सडकहरुमा स्मार्ट स्ट्रिट लाईट (Smart Street Light), रोप लाईट (Rope Light) जडान गरी सडक सुरक्षा, शहरको सौन्दर्य वृद्धि एवम् यातायातको सहज आवागमनमा मद्दत गर्न र रात्रीकालिन बजार सञ्चालनमा सहयोग पुऱ्याउन **"उज्यालो धनगढी"** कार्यक्रम सञ्चालन तथा विद्युतको पहुँच नपुगेका टोलवस्तीहरुमा विद्युत पहुँच पुऱ्याउने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१२६. वातावरण प्रदुषण न्यूनिकरण गर्न, विदेशबाट आयात हुने पेट्रोलियम पदार्थको खरिद गर्दा हुने स्वदेशी पूँजि पलायनलाई निरुत्साहित गर्न विद्युतीय सवारी साधन एवम् विद्युतीय चुल्हो (Induction Stove) को प्रयोगलाई प्राथमिकता दिई विद्युत उपयोग क्षमता बढाउन विद्युतीय सवारी साधन चार्जिङ स्टेशन स्थापना गर्ने, इन्डक्सन चुल्हो वितरण गर्ने र सौर्य उर्जा प्रविधिको उपयोग गर्ने नीति लिईनेछ।

१२७. विद्युतबाट हुन सक्ने सम्भावित दुर्घटना तथा आगलागीबाट बच्न जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछन् । नेपाल विद्युत प्राधिकरणसँगको सहकार्य र लागत साँझेदारीमा उपमहानगरक्षेत्रभित्र विद्युतीकरण एवम् विस्तार गर्ने कार्यलाई निरन्तरता दिईनेछ। वैकल्पिक उर्जाका लागि वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र लगायतका निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ।

**(घ) वन, वातावरण तथा विपद् व्यवस्थापन नीति:**

१२८. उपमहानगरलाई स्वच्छ, सफा, सुन्दर बनाई शहरको सौन्दर्यतामा अभिवृद्धि गरी हरित उपमहागनरका रुपमा स्थापित गर्न सार्वजनिक निजी क्षेत्रसंगको साझेदारीमा वन तथा वातावरणको विकास तथा विपद ब्यबस्थापन गर्ने नीतिलाई निरन्तरता दिइनेछ । उपमहानगरक्षेत्रभित्रका सार्वजनिक खालीस्थानको पहिचान गरी **"जहाँ खाली, त्यहाँ हरियाली"** प्रवर्धन गर्न प्राथमिकताका साथ कार्यक्रमहरु सञ्चालन गरिनेछन्।

**वन, वातावरण तथा विपद् व्यवस्थापन कार्यनीति:**

१२९. विपद जोखिम न्युनिकरणलाई जलवायु परिवर्तन अनुकुलका क्रियाकलापसंग एकाकार गर्दै समग्र विकास प्रक्रियामा मूल प्रवाहीकरण गर्ने, तातो हावा लगायतका विपद्जन्य प्रकोप न्यूनिकरणसम्बन्धी कार्यका लागि अन्य साँझेदारहरुसंगको सहकार्य गर्ने, गर्मीका कारण दिनानुदिन रुपमा बढ्दै गएको आगलागीलाई दृष्टिगत गरी उपमहानगरका विभिन्न  स्थानमा फायर हाइड्रेन्ट (Fire Hydrant) जडान गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१३०. स्थानीय आपतकालिन कार्य संचालन केन्द्रलाई सुदृढ गरी सम्भावित एवम् घटित विपद्जन्य घटनाको सूचना तथा जानकारी अद्यावधिक गर्ने र सो को आधारमा विपद् जोखिम न्यूनिकरण तथा पूर्वतयारी कार्यका लागि नगर प्रहरीहरुलाई परिचालन गर्न क्षमता विकास गर्ने, उपमहानगरलाई विपद ब्यवस्थापन सम्बन्धी कार्य गर्नका लागि सुदूरपश्चिम प्रदेशकै सिकाइ केन्द्रको रुपमा विकसित गर्ने कार्य गरिनेछ। विपद् जोखिमको न्यूनिकरणका लागि जोखिमयुक्त क्षेत्रहरुको पहिचान गर्न विपद् जोखिम नक्साङ्कन गर्ने कार्य गरिनेछ।

१३१. उपमहानगरक्षेत्रका सार्वजनिक स्थान, सडक, मठ, मन्दिर, विद्यालय क्षेत्र भित्र पर्ने जोखिमयुक्त अवस्थामा रहेका रुख ब्यवस्थापनका लागि संघ तथा प्रदेशका सरकारी निकायहरुसँग सहकार्य गरिनेछ।

१३२. उपमहानरक्षेत्रभित्र रहेका सामुदायिक वनमा हुने आगलागी ब्यवस्थापन तथा न्युनिकरण गर्नका लागि स्वयम् सामुदायिक वनहरुलाई जिम्मेवार बनाउनका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ। रैथाने प्रजातिका विरुवाहरुको संरक्षण एवम् सम्वर्द्धन गरिनेछ। सामुदायिक, निजी तथा साँझेदारी वन व्यवस्थापन एवम् प्रवर्द्धनका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ। उपमहानगरभित्र रहेका सामुदायिक वनहरुको सहकार्यमा निश्चित वनक्षेत्रलाई चराहरुको सुरक्षित वासस्थान (Bird Century) को रुपमा विकास गरिनेछ।

**<u>वातावरण, खानेपानी तथा सरसफाई व्यवस्थापन कार्यनीति:</u>**

१३३. उपमहानगरक्षेत्रमा सार्वजनिक खाली क्षेत्रको पहिचान गरी हरियाली प्रवर्धन गर्नका लागि **"जहाँ खाली त्यहाँ हरियाली"** कार्यक्रम सञ्चालन गरिनेछ। उपमहानगरक्षेत्रका विभिन्न स्थानहरुलाई चराको वासस्थान (Birds Centaury) को रुपमा स्थापित एवम् संरक्षण गर्न अध्ययन गरी आवश्यक कार्यहरु गरिनेछ। एक वडा एक हरित उद्यान कार्यक्रम लागु गरिनेछ।

१३४. खानेपानी, सरसफाई तथा स्वच्छता योजना (WASH Plan) तयार गरी कार्यान्वयन गरिनेछ। उपमहानगरक्षेत्रभित्रका टोलवस्तीमा खानेपानी समस्यालाई सम्बोधन गर्न संघ तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ। उपमहानगरबासीलाई स्वच्छ र गुणस्तरीय खानेपानीको सुनिश्चतता गर्न खानेपानी प्रयोगशालाको स्थापना गरी नियमित रुपमा खानेपानीको गुणस्तर जाँच गर्ने व्यवस्था मिलाईनेछ। पाइप लाईनबाट दिइने खानेपानी जडान गर्न प्रोत्साहन गरिनेछ। भूमिगत पानी संरक्षणको लागि पाइप लाईन मार्फत खानेपानी वितरण भएको क्षेत्रमा रहेका आर्टिजन धाराहरु बन्द गरी सार्वजनिक क्षेत्रमा वितरण प्रणालीबाट धारा राख्ने कार्य गरिनेछ।

१३५. उपमहानगरक्षेत्रभित्र सञ्चालित सबै स्वास्थ्य संस्थाहरुबाट उत्पादित स्वास्थ्यजन्य फोहोर (Medical Waste) को व्यवस्थापन उपमहानगरले सञ्चालन गरेको स्वास्थ्यजन्य फोहरमैला व्यवस्थापन केन्द्रबाट गर्ने व्यवस्था लागू गरिनेछ। उपमहानगरको सरसफाई व्यवस्थापन गर्न सामुदायिक संघसंस्था, स्वयंसेवी अभियन्ताहरु एवम् निजीक्षेत्रलाई उत्प्रेरित गरी फोहरमैला व्यवस्थापनमा अनुकरणीय कार्य गर्ने सर्वोत्कृष्ठ सरसफाई समिति र शैक्षिक संस्थालाई पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१३६. नदि प्रणाली, ताल, सिमसार क्षेत्र, सामुदायिक वन, धार्मिक स्थल, सडक क्षेत्र लगायत अन्य सार्वजनिक स्थानमा फोहरमैला विसर्जन गर्ने कार्य पूर्णरुपले प्रतिबन्धित गरिनेछ। फोहरमैला व्यवस्थापनका लागि स्रोतबाटै फोहोरको सुक्ष्म वर्गीकरण गरी फोहोरलाई पुन: प्रयोग पुन: प्रशोधन गर्ने कार्य गरी अन्तिम विसर्जन गर्नुपर्ने फोहोरको मात्रा घटाउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। प्रतिबन्धित प्लास्टिक जन्य सामग्रीहरुको विकल्पमा कपडा, जुट, केरा, कागज, बाँस वा यस्तै प्रकारका अन्य कच्चा पदार्थबाट उत्पादित सामग्रीहरुको बिक्री वितरण र प्रयोगलाई प्रोत्साहित गरिनेछ।

१३७. उपमहानगर क्षेत्रभित्र रहेका सामुदायिक विद्यालय, सार्वजनिक संस्था तथा सार्वजनिक शौचालयहरुलाई स्तरोन्नति गरी अपाङ्गतामैत्री, लैङ्गिकमैत्री तथा बालमैत्री बनाइनेछ। सार्वजनिक, निजी तथा सरकारी एवम् गैरसरकारी क्षेत्रसँगको सहकार्यमा सार्वजनिक शौचालयहरु सञ्चालन तथा व्यवस्थापन गरी शौचालयको सुविधामा नागरिकको सहज पहुँच बृद्धि गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१३८. एकिकृत जलस्रोत व्यवस्थापन सिद्धान्त अनुरुप माथिल्लो तथा तल्लो तटीय क्षेत्र अनुरुप भू तथा जलाधार सम्बन्धी अन्य स्थानीय सरकारसँग समन्वय र सहकार्य गरिनेछ। उपमहानगरक्षेत्रभित्रका विभिन्न स्थानमा पानी पुनर्भरण क्षेत्र (Recharge Zone) स्थापनाका लागि ताल तथा पोखरीको पुर्न:स्थापना, संरक्षण तथा सम्बर्धन गरिनेछ।

१३९. वायु प्रदुषण नियन्त्रण गर्नको लागि उपमहानगरपालिका भित्र सञ्चालन हुने सवारी साधनका साथै उद्योगमा नेपाल सरकारको वायु प्रदुषण सम्बन्धी मापदण्ड अनुसार रहेको, नरहेको जाँच गर्न, गराउन संघीय सरकारसँग समन्वय गरिनेछ।

## (ङ) <u>संस्थागत सुशासन तथा जनशक्ति विकास नीति:</u>

१४०. सार्वजनिक सेवालाई छिटो, छरितो, उत्तरदायी, पारदर्शी, जवाफदेही, दिगो एवम् परिणाममुखी बनाउन आधुनिक प्रविधिको उपयोग मार्फत सेवा प्रवाह गरी कार्य सम्पादन गर्ने नीति अवलम्बन गरिनेछ।

### <u>संस्थागत क्षमता अभिवृद्धि तथा मानव संशाधन विकास कार्यनीति:</u>

१४१. सार्वजनिक सेवालाई उत्तरदायी, पारदर्शी, जवाफदेही, दिगो एवम् परिणामुखी बनाउन सूचना प्रवाहलाई आधुनिक प्रविधिमैत्री बनाउदै लगिनेछ। प्रशासनिक कार्यका असल अभ्याससम्बन्धी अनुभवहरुको आदानप्रदान गर्न स्थानीय, प्रादेशिक र राष्ट्रियस्तरमा अवलोकन भ्रमणको व्यवस्था गरिनेछ।

१४२. संघ तथा सुदूरपश्चिम प्रदेश सरकारले जारी गरेका प्रशासन सुधारसम्बन्धी विभिन्न सुझावहरुलाई स्थानीयकरण गरी स्वच्छ, सबल र पारदर्शी जनप्रशासन विकासको नीतिलाई प्राथमिकता दिई कार्य गरिनेछ।

१४३. प्रभावकारी सेवा प्रवाहका लागि प्रत्येक वडा कार्यालयमा सहायता कक्ष स्थापना गर्ने, कर्मचारीको मनोबल उच्च राख्न क्षमता विकास, अनुशासन एवम् वृत्ति विकासमा जोड दिई कर्मचारी प्रशासनलाई जवाफदेही, प्रतिस्पर्धी र उत्प्रेरित बनाउँदै कर्मचारीहरुलाई पुरुस्कार र दण्डको व्यवस्था गर्ने र सार्वजनिक

सम्पत्तिहरुको अभिलेख तयार गरी डिजिटल सम्पत्ति व्यवस्थापन प्रणालीमा आबद्ध गराई नियमित मर्मत सम्भार तथा संरक्षणको कार्यलाई निरन्तरता दिईनेछ ।

**कानून, न्याय तथा न्यायिक निरुपण सम्बन्धी कार्यनीति :**

१४४. उपमहानगरपालिकालाई प्राप्त संवैधानिक एवम् कानूनी अधिकारको प्रयोगका लागि आवश्यक पर्ने कानूनहरुको तर्जुमा गर्ने एवम् तर्जुमा भई कार्यान्वयनमा रहेका कानूनहरुमा आवश्यक संशोधन गरी लागू गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१४५. न्यायिक समितिबाट सम्पादित कार्य सम्पादनमा प्रविधिको उपयोग गरी सरल, सहज, छिटो, छरितो र पारदर्शी रुपमा सम्पादन गर्ने व्यवस्था मिलाईनेछ । न्याय प्रदान गर्दा कसै प्रति कुनै पनि पुर्वाग्रह नराखी मानवीय मुल्य, मान्यता, मर्यादा र गरिमाको सम्मान गर्दै सबैको व्यक्तित्व र अस्थित्वको कदर गरिनेछ ।

१४६. **"विवादको साटो मेलमिलापको बाटो"** भन्ने आदर्श वाक्यलाई कार्यान्वयन गर्न वडास्तरीय मेलमिलाप केन्द्रलाई थप सक्षम र सुदृढ गरी परिचालन गरिनेछ ।

१४७. थारु, राना थारु, आदिवासी जनजाती, महिला, दलित, सिमान्तकृत, द्वन्दपीडित, यौनिक अल्पसंख्यक एवम् वञ्चितिकरणमा परेका समुदाय लगायत पिछडिएको वर्ग तथा क्षेत्रका व्यक्तिहरुको न्यायमा सहज पहुँच सुनिश्चित गर्न न्यायिक समितिका पदाधिकारी, विद्यालयमा अध्ययनरत किशोरकिशोरी, सूचिकृत मेलमिलापककर्ता, भलमन्सा, वडघर, धामी, झाँक्री, कर्मचारी एवम् आवश्यक अन्य व्यक्तिहरुका लागि कानुनी शिक्षा र सचेतना कार्यक्रम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१४८. भलमन्सा, वडघर सम्बन्धी आवश्यक कानून निर्माणका लागि नगर प्रमुखको संयोजकत्त्वमा सम्बन्धित विषयविज्ञ, सरोकारवाला, जनप्रतिनिधि समेत रहने गरी समिति निर्माण गरी राय सुझाव संकलन गरी मस्यौदा निर्माण गर्ने व्यवस्था मिलाईनेछ ।

**आन्तरिक लेखा परीक्षण, आन्तरिक खरिद व्यवस्थापन कार्यनीतिः**

१४९. आन्तरिक लेखा परीक्षणको कार्यलाई व्यवस्थित गर्न आन्तरिक लेखा परीक्षणको कार्यलाई प्रभावकारी बनाई सार्वजनिक स्रोत साधनको दक्षतापूर्वक प्रयोग गरी वित्तीय जोखिम न्यूनीकरण गर्ने र प्रभावकारी वित्तीय व्यवस्थापनका माध्यमबाट बेरुजुलाई न्यूनीकरण गर्दै वित्तीय अनुशासन कायम गर्ने नीति लिईनेछ । लेखाङ्कन र प्रतिवेदन कार्यमा नियमितता ल्याईनेछ । आन्तरिक खरिद व्यवस्थापनको कार्यलाई अझ व्यवस्थित र पारदर्शी बनाईनेछ ।

**उपभोक्ता हित सम्बन्धी कार्यनीति:-**

१५०. गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक अधिकारको संरक्षण तथा सम्बर्द्धन गरी उपभोक्तालाई प्राप्त हकको प्रचलनका लागि न्यायिक उपचार प्राप्त गर्न र उपभोक्तालाई हुन सक्ने हानी नोक्सानी वाफत क्षतिपूर्ति उपलब्ध गराउन वर्षभरी बाह्रै महिना बजार अनुगमन गर्ने तथा बालबालिकालाई कुलतबाट जोगाउन विद्यालय परिसर नजिक मादक पदार्थ, चुरोट तथा सुर्तिजन्य पदार्थको बिक्री वितरणमा रोक लगाउने कार्यलाई निरन्तरता दिईनेछ ।

१५१. उपभोक्ताको हित संरक्षणका लागि विभिन्न सचेतनामूलक सूचनाहरुको सम्प्रेषण गर्ने तथा उपभोक्ता हित संरक्षण कार्यमा संलग्न व्यक्ति एवम् संघ-संस्थाहरुको क्षमता विकास गर्ने कार्य गरिनेछ । उपमहानगरक्षेत्रभित्र सम्भाव्यताका आधारमा थोक बजार, हाटबजार तथा खुद्रा बजार विस्तार गरी आपूर्ति व्यवस्थालाई सहज, सुदृढ र प्रभावकारी तुल्याईनेछ ।

१५२. वस्तु तथा सेवाको आपूर्तिमा मापदण्ड विपरित कार्य गर्ने, कालाबजारी गर्ने, कानून विपरित वस्तुको संचय एवम् भण्डारण गर्ने र अनुचित मुनाफा लिई व्यापारिक क्रियाकलाप गर्ने प्रवृतिलाई निरुत्साहित गरिनेछ ।

**राजश्व परिचालन कार्यनीति :**

१५३. उपमहानगरक्षेत्रभित्र हुने सबै प्रकारका ब्यावसायिक तथा आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याईनेछ । व्यवसाय करका दरलाई समय सापेक्षरुपमा मिलान गरिनेछ । करका दायराहरुलाई फराकिलो पारिनेछ । सम्पत्ति कर र भूमि करलाई वैज्ञानिक र समय सापेक्ष बनाउन अभिलेख अध्यावधिक गरी सम्पत्ति कर र भूमिकरको दर पुनरावलोकन गरिनेछ । मानव स्वास्थ्यमा दीर्घकालिन प्रतिकुल असर गर्ने मदिरा तथा सुर्तीजन्य पदार्थको बिक्रि वितरणलाई व्यवस्थित गर्दै लैजाने उद्देश्यले यसमा लगाईदै आएको करको दरमा वृद्धि गरिनेछ ।

१५४. प्रविधिमैत्री कर प्रणालीको विकास गर्न आधुनिक प्रविधि, विधि, उपकरण र असल अभ्यासको उपयोग मार्फत करदाताहरुले तिर्नु पर्ने कर रकम उनीहरु बसोबास गरिरहेकै स्थानबाट सहज र सरल रुपमा भुक्तानी गर्ने प्रबन्ध मिलाइनेछ । यसका लागि राजश्व प्रशासनमा काम गर्ने कर्मचारीहरुको क्षमता वृद्धि गर्ने र करदाताहरुको लागि करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

१५५. वडा कार्यालयबाट संकलन हुने राजश्व वृद्धिलाई प्रोत्साहित गर्न हाल वडा कार्यालयहरुलाई दिईदै आएको प्रशासनिक खर्चमा वडा कार्यालयबाट संकलन भएको प्रति एक करोड राजश्व रकम बरारबर एक लाख रुपैयाँ थप उपलब्ध गराउने नीतिगत व्यवस्था मिलाईनेछ ।

**नगर सभा सदस्यहरु,**

**अन्त्यमा,**

१५६. हाम्रो कार्यकालको तीन वर्षको अवधिमा हामीले उपमहानगरबासीको प्राथमिकता एवम् आवश्यकतालाई सम्बोधन गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आईरहेका छौं । यद्दपि, यहाँहरुको अपेक्षा, आशा र भरोसाबमोजिमका सबै कार्यक्रमहरु तत्काल सञ्चालन नभएका पनि होलान् । हामी रोकिएका छैनौं, यहाँहरुको अपेक्षा, आशा र भरोसालाई सम्बोधन गर्न हामी संघ तथा प्रदेश सरकार एवम् विकास साँझेदारहरुसंग समेत हातेमालो गर्दै निरन्तर काममा लागि रहेका छौं । यसकै निरन्तरता स्वरुप आर्थिक वर्ष २०८२।८३ का लागि यस नीति तथा कार्यक्रमलाई यहाँहरुमाझ प्रस्तुत गरेका छौं । यसको कार्यान्वयनका लागि आम नगरबासी, मतदाता, निजी क्षेत्र, नागरिक समाज, सञ्चार जगत, विभिन्न संघसंस्था, कर्मचारी, बुद्धिजीवि एवम् प्रवुद्ध वर्ग, राजनीतिक दल एवम् संघ तथा प्रदेश सरकार सबैले आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग गरी दिनु हुन हार्दिक अपिल गर्दछु ।

धन्यवाद !

सम्वत् २०८२ साल असार ७ गते रोज ७ शुभम् ।

गोपाल हमाल

नगर प्रमुख